# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पथरी शनिश्चरे नगरपालिका
## मोरङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पथरी शनिश्चरे नगरपालिका

## मोरङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पथरी शनिश्चरे नगरपालिका

## मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु ।साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**
**महालेखापरीक्षक**

**२०८१ जेष्ठ**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ११४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुख ज्यू,
पथरी शनिश्चरे नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
मोरङ ।

१. **कैफियत सहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ५२ लाख ४७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ६३ लाख ५७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १४ लाख ५० हजार र नियमित गर्नुपर्ने रु.२ करोड ३६ लाख ९९ हजार र फस्र्यौट नभएको पेश्की रु.३४ लाख २० हजार बाँकी रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु.१२ करोड ५५ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष संपरीक्षण

भएको छैन भने हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ४५ लाख १४ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुन वमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौ ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

पथरी शनिश्चरे नगरपालिका,

मोरङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६८ | ८६ | ६५२४७ | ० | १५ | १६३५७ | ६८ | ७१ | ४८८९० | ३५५ | २३६९९ | २१४५० | ० | ० | ४५१४९ | ३४२० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | १२५५८९ | ० | ० | १२५५८९ | ३५ | ४८८९० | १७४५१४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | २.४ | प्रमाण पेश भएको | ६७११६०२.०० |
| २ | २०७९।८० | ३० | पेश्की फस्यौंट | ९०००.०० |
| ३ | २०७९।८० | ३८ | प्रमाण पेश भएको | २२२५६१.०० |
| ४ | २०७९।८० | ४४ | असूल भएको | ६८००.०० |
| ५ | २०७९।८० | ६३ | असूल भएको | ३२९०२.०० |
| ६ | २०७९।८० | ६५ | प्रमाण पेश भएको | ९००००००.०० |
| ७ | २०७९।८० | ७६ | असूल भएको | १७२८६२.०० |
| ८ | २०७९।८० | ८२ | प्रमाण पेश भएको | ४७५६०.०० |
| ९ | २०७९।८० | ८३.२ | असूल भएको | ७१०००.०० |
| १० | २०७९।८० | ८४.४ | प्रमाण पेश भएको | ८१७७९.०० |
| ११ | २०७९।८० | ८४.१० | असूल भएको | १०२०.०० |
| | चालु वर्षको जम्माः | | | **१६३५७०८६.००** |
| | कुल जम्माः | | | **१६३५७०८६.००** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## १ पथरी शनिश्चरे नगरपालिकाको परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पथरी शनिश्चरे नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । पथरी शनिश्चरे नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, ७९.८१ वर्ग किलोमिटर क्षेत्रफल तथा ७२४५१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१७ देखि २०८०।८।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय - व्ययतर्फ रु.८८,४६,९०,३१०।९१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५५,५९८। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विशेषज्ञ सेवा वापत दिएको रकम मुरारी आचार्यवाट असूल भै दाखिला | १६४९८.०० |
| २ | नपाउने वैठक भत्ता भुक्तानी भएको सम्वन्धितबाट असूल गरी दाखिला | २८९००.०० |
| ३ | दोहोरो भुक्तानी भएको वैठक भत्ता असूल गरी दाखिला | १०२००.०० |
| | **जम्माः** | **५५५९८.००** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नु पर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१७ करोड ९५ लाख ५३ हजार मौज्दात रहेकोमा यो वर्ष रु.२० करोड ५९ लाख ३ हजार जिम्मेवारी सारेको छ । मौज्दात भन्दा वढी जिम्मेवारी सारेको यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **वित्तिय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ । पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५ करोड २४ लाख ९५ हजार, सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.३१ करोड ९ लाख ८ हजार गरिवसंग विश्वेश्वर कार्यक्रमको रु.४ लाख २५ हजार गरी जम्मा रु.३६ करोड ३८ लाख २९ हजार सुत्रमा लेखाङ्कन गरेको छैन, जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **हिसाव मिलान नगरेको**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.६७११६०२।- सम्परीक्षण गरिएको ।)*

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु.१७ करोड ३६ लाख ४० हजार देखिएकोमा सो अवधिमा बैक अनुसार बैक मौज्दात रु.१७ करोड ६८ लाख ३४ हजार देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.३१ लाख ९४ हजारका सम्बन्धमा बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनु पर्दछ ।

| खातावालाको नाम | श्रेष्ता अनुसार वाँकी | वैंक स्टेटमेन्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| चालु खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| पूँजीगत खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| स्थानीय तह धरौटी खाता | २२३९७५२७.०० | २२३९७५२७.०० | ०.०० |
| स्थानीय तह सञ्चितकोष खाता | १३५७८७७५३.४७ | १३५७८७७५३.४७ | ०.०० |
| विविध खर्च खाता | ६१०६३१५.६९ | ६१०६३१५.६९ | ०.०० |
| राजश्व वाँडफाँट खाता | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक राजस्व खाता | ०.०० | ३१९४०९८.६० | ३१९४०९८.६० |
| आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| विभाज्य कोष खाता | ०.०० | ०.०० | ०.०० |
| जम्माः | १७३६३९८१२.५४ | १७६८३३९११.१४ | ३१९४०९८.६० |

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको, सुशासन ऐन २०६४ को दफा १६ मा उल्लेख भए अनुसार निर्णय गर्दा आधार र कारण नखुलाएको, राजश्व दाखिला ढिलाईमा जरिवाना नलगाएको, आयोजनाक बैक तयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको, पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, निजामती सेवा ऐन, २०४९को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको मर्मत संभार अवधि पश्चात धरौटी फिर्ता गर्दा कार्य सम्पन्न प्रतिवेदन सम्लग्न नगरेको, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४(ङ ) अनुसार आयोजना फरफारक प्रतिवेदन तयार गरि कार्यपालिकमा पेश गरि अनुमोदन नगरेको , तोकिएको समयमा वार्षिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरि सम्वन्धित निकायमा पठाउने तथा समीक्षा गर्ने नगरेको लगायतका व्यहोरा लेखापरीक्षणाको क्रममा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **सेवा प्रवाह** - कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु पर्दछ। नगरपालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ देहाय बमोजिमको सेवा प्रवाह गरेको छ । नगरपालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययि, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| क्र.स | विवरण | निवेदन | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ४३९२ | ४३८९ |
| २ | घरवाटो सिफारिस | १५७३ | १५७२ |
| ३ | नाता प्रमाणित | ३६९३ | ३६९३ |

| | | | |
|---|---|---|---|
| ४ | जन्म,मृत्यु दर्ता | ५९४५ | ५९४५ |
| ५ | अन्य | १४६६२ | १४६६० |

सैद्धान्तिक बेरुजु

५ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले हालिसम्मआवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था** - स्थानीय सरकारको सर्बोच्च अंगको रुपमा रहेको सभाबाट पारित भएका वार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनु पर्दछ । यस नगरपालिकाको एघारौं नगर सभावाट पारित भएका विभिन्न नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा अधिकांस नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा आएता पनि वजेटमा उल्लेखित निम्न नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति कार्यक्रम र बजेटको तालमेल हुनेगरि निर्माण तथा कार्यान्वयन हुनु पर्दछ ।

**भौतिक पूर्वाधार विकास तर्फ** - नगरक्षेत्रलाई डुवानबाट सुरक्षित गर्न ढल निकासको ब्यवस्था गर्ने,. कृषि उपजहरुको संकलन र भण्डारण तथा बजारिकरण सँग सम्बन्धित भौतिक संरचनाहरुको निर्माण गर्ने, वडा नं १ र १० को वडा कार्यालय भवन निर्माणको लागि प्रथामिकता,वडा नं १ स्थित नगरपालिकाको नाममा रहेको जग्गामा सपिङ कम्प्लेक्स निर्माण गर्न नगरविकास कोषसँग ऋण सम्झौता भएकोमा उक्त सपिङ कम्प्लेक्स निर्माणको लागि आवश्यक वजेट ब्यबस्था गर्ने,

**वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फ** - नगरमा विपद पूर्वसूचना केन्द्र स्थापना,नगरमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन,.ध्वनी प्रदुषण नियन्त्रणका लागि ट्राफिक प्रहरी, समाजका अगुवा, बुद्धिजीवीहरुसँगको सहकार्यमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन, विपदको समयमा आवश्यक पर्ने लाईफ ज्याकेट,सम्पूर्ण सामुदायिक वनहरु सँग साझेदारी कार्यक्रम अन्तगत पर्यटन प्रवर्द्धन गर्ने,

**महिला तथा बालबालिका शाखा तर्फ** - स्थानीय योजना तथा नीति निर्माण, सहभागिताको अधिकार कार्यन्वयनका लागि बार्षिक स्थानीय बालसभा, बालबालिकाको घटना व्यवस्थापन गर्न बालबलिका सम्बन्धि ऐन २०७५ ले ब्यवस्था गरेको समाजसेवी तथा बालमनोबिज्ञ जनशक्तिको उत्पादनका लागि बिशेष तालिम तथा प्रशिक्षण, वडास्तरीय तथा नगरस्तरीय एकल महिला समिति गठन गरी सिपमूलक तालिम र बीउपूँजीको ब्यवस्थापन,किशोरी स्वास्थ्य तथा किशोरी शिक्षा सम्बन्धि शिक्षामूलक कार्यक्रम

सञ्चालन,महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुका सम्वन्धमा सूचना व्यवस्थापन प्रणाली (MIS) को निर्माण,

**शिक्षा¸युवा तथा खेलकुद शाखा तर्फ** - पथरी शनिश्चरे नगरपालिकामा स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर सुनिस्चित गर्न पाँच वर्षे नगर शिक्षा योजना बनाइ कार्यन्वयन,पूर्ण साक्षर नगर बनाउन लक्षित समुदायलाई पूर्णतः निशुल्क शिक्षा र छात्रवृत्ति कोष, द्वन्द पिडित¸भूमिहिन दलित ¸सडक वालकालिका¸ सुकुम्बासी तथा आर्थिक रुपमा विपन्न वालवालिकाहरुको पहिचान गरी विद्यालयमा पहुँच वृद्धि कार्यक्रम सञ्चालन,

**कृषि विकास तर्फ** - स्थान विशेषको संभावना तथा तुलनात्मक लाभका बाली वस्तुको पहिचान गरी ती बालीको व्यवसायिकरण, मूल्य अभिवृद्धि (Value Addition) र मूल्य श्रृङखला विकास, कृषि नमूना फार्म स्थापना मार्फत अर्गानिक कृषि प्रसारलाई बहुआयामिक क्षेत्र विकास गर्न कृषि नमूना फार्म स्थापना कार्यक्रम संचालन, स्थानीय स्तरमा रहेका खेर गएका जग्गाहरुमा ब्यवसायिक फलफूल खेती संचालन संचालन, निजी-सरकारी-सहकारी साझेदारीमा उन्नत बीउ उत्पादन, प्रशोधन र वजारीकरण कार्यक्रमहरु संचालन, निजी, सहकारी तथा अन्य ब्यवसायिक संघ संस्थाहरु संगको साझेदारीमा एकिकृत कृषि बजार बिस्तार,सहकार्यमा विषादी रहित उत्पादन, असल कृषि अभ्यास, प्राङ्गारिक उत्पादन लाई प्रोत्साहित गर्न उत्पादन तथा प्रमाणिकरण, सामुदायिक कृषि यन्त्र, औजार र उपकरण सेवा केन्द्रको (Community Agri-machinery and Implement Service Center for Custom Hiring) अवधारणा अनुरुप कार्यक्रम गर्ने, उत्पादनमूलक कृषि सहकारीलाई प्रोत्साहित गर्ने, नगरमा पुष्पखेतिलाई प्रोत्साहन तथा नर्सरी प्रबर्धन गर्ने,

**पशुपन्छी तथा मत्स्य तर्फ** - पशुपन्छी सेवा संचालनका लागि निर्देशिका/ कार्यबिधिहरु तथा ऐन निति नियम बनाउने , डिजिटल कृषि सेवा केन्द्रमा कृषकहरुको पहुचँ थप गर्दै प्रबिधि मैत्री पशुपालन व्यवसायी बनाउने, माछा पालन प्रवर्द्धनका लागि नयाँ पोखरी निर्माण, पुरानो पोखरी मर्मत सुधार तथा ब्यवस्थापन, मत्स्य ह्याचरी र नर्सरी स्थापना, सञ्चालन तथा ब्यवस्थापन र सम्भाब्यताको आधारमा माछा पालन कार्यक्रमहरु संचालन, साझेदारीमा एक वडा एक सुधारिएको एकिकृत मासु माछा पसल तथा डेरी पसलका लागि कार्यक्रम संचालन,

**लघु उद्यम विकास तर्फ** - विदेश बाट फर्किएका युवाहरु लाई लक्षित गरि लघु उद्यम संग सम्बन्धीत सिप मुलक तालिम संचालन गर्ने,लघु उद्यमी दर्ता प्रारम्भ गर्ने, लघु उद्यमी व्यवसायीहरु लाई नेपाल सरकार बाट मान्यता प्रदान गर्नका लागी CTEVT को सिप परिक्षण कार्यक्रम संचालन गर्ने,पशुपन्छी तथा कृषि विकासमा सरोकारवालाको क्षमता अभिबृद्धिका लागि एकीकृत रुपमा एकद्धार प्रणालीबाट तालि कार्यक्रम समावेश, युवा वर्ग लाई लक्षित गरी वेमौसमी व्यावसायिक तरकारी उत्पादन, च्याउ खेती, मौरीपालन, कृषि वस्तु प्रशोधन, कृषि बजार आदि कार्यक्रम सञ्चालन,

**स्वास्थ्य तर्फ -** स्वास्थ्यमा कार्यरत कर्मचारीहरुको लागि (Health Hazard) जोखिम भत्ता प्रदान गर्नका लागि मार्ग निर्देशन तयार गर्ने, नगरबासीहरुलाई कुनै पनि अस्पतालमा उपचार गराउदा रगतको आबस्यक परेमा त्यसमा लाग्ने खर्च नगरपालिकाबाट भुक्तानी दिने,

**विधायन तर्फ -** स्थानीय सरकारलाई आवश्यक पर्ने सबै ऐन, नियमावली, कार्यविधी, निर्देशिका लगायतका कानून निर्माण गरिसक्ने आदि ।

सैद्धान्तिक बेरुजु

७ **वजेट निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेता पनि उक्त व्यवस्था कार्यान्वयन भएको अभिलेख पालिकाले लेखापरीक्षणको क्रममा पेश गर्न सेकन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३० कर्मचारीको रु १९५९३६२६।०० र पालिकाका ४१ कर्मचारीको रु २६८५७६८८।०० समेत रु ४६४५१३१४।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी

तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना ग्रेड भिडान गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **पदपूर्तिको अवस्था** - सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नयाँ दरवन्दी स्वीकृत गरेको देखिएन । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरी पठाएको दरवन्दी अनुसार नगर पालिका र वडा तर्फ ४४ र स्वास्थ्य तर्फ ३० दरवन्दी रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर २, जनस्वास्थ्य अधिकृत १, कृषी बिकास अधिकृत १, पशु अधिकृत १, म वि नि १, सहायक चौथो १, स ले पा १ सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

११ **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु १अर्व २७ करोड २७ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।७ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो ।डिपिआर, धार्मिक प्रतिष्ठान निर्माण र पूँजीगत सुधारमा खर्च गर्ने गरि रु १ करोड १०लाख वजेट विनियोजन गरेको देखियो । यसरी बजेट शिर्षिकमा एकमुष्ट बजेट अबण्डामा राखी पछि विभिन्न निर्णयबाट खर्च गर्ने गरेको समेत देखिएको अवस्थाम पालिकाले वित्तीय अनुशासन र पारदर्शिता कायम राख्न बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई अवण्डाको प्रचलन नै हटाउनु पर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १५ | २ | १२ | १ |
| २. | वडास्तरीय | १९० | ० | २५ | २६५ |
| | **जम्मा** | **२०५** | **२** | **३७** | **१६६** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना तथा कार्यक्रम वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| पालिका स्तर | ६३८ | १७४ | १५ | १९ | ४३० |
| वडा स्तर | ४५४ | ५० | ० | ० | ४०४ |
| **जम्मा** | **१०९२** | **२२४** | **१५** | **१९** | **८३४** |

सैद्धान्तिक बेरुजु

१४ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२३ करोड ३० लाख ५६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **क्षेत्रगत बजेट तथा खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकावाट प्राप्त विवरण अनुसार २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४६०२३१५५ | ३३६७७१५५.१ | ४.८५ |
| सामाजिक क्षेत्र | ३३१९५७३३० | २९६७७७४८४ | ४२.७० |
| पूर्वाधार विकास क्षेत्र | २४७२८६०३२ | १८१२६३२८४ | २६.०८ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवाप्रवाह | ३८१६९४६२ | २७६८२४२२ | ३.९८ |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १७००९०८६४ | १५५६१९५९९ | २२.३९ |
| **जम्मा** | **८३३५२६८४३** | **६९४९२९२८४** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४२.७० प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापनमा शून्य प्रतिशत खर्च भएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१६ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार प्रगति विवरण नवनाएको र उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र. सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | समानिकरण अ | ५२३२८.३७ | ५७५९.४१ | ५४३३५.४ | ५६४८५.२८ | १८७७९ |
| २ | आन्तरिक श्रोत | ५००४६.३१ | २४२९६.५ | ७७१९.७२ | १८०३०.०७ | ७६३३ |
| ३ | राजश्व बाँडफाड | ७४०९.६६ | ४४६.९५ | ५३३.३५ | ६४२९.३६ | ५८२१ |
| ४ | संघीय शसर्त अनुदान | ४१८८६.५४ | ० | ७५७५.५९ | ३४३१०.९५ | २२९०३ |
| ५ | संघीय समपुरक अनुदान | १०८०२.८४ | ० | ० | १०८०२.८४ | ६५.८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | प्रदेश शसर्त अनुदान | ३३९६.१६ | ० | ४८०.१५ | २९१६.०१३ | २१०६ |
| | **जम्मा** | **२३९२८६.८१** | **३०५०२.९** | **७१७८०.५** | **१३७००३.४** | **६०४५३** |

पालिकाले उपलब्ध गराएको चौमासिक पूँजीगत खर्च विवरणअनुसार वार्षिक रु.२३ करोड ९२ लाख ८६ हजार खर्च भएकोमा प्रथम **चौमासिकमा** रु. ३ करोड ५ लाख २ हजार (१३ प्रतिशत), दोस्रो **चौमासिकमा** रु.७ करोड १७ लाख ८० हजार (३० प्रतिशत) र तेस्रो **चौमासिकमा** रु १३ करोड ७० लाख ३ हजार ( ५७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु मा रु ६ करोड ४ लाख ५२ हजार (२५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम बनाई कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, २ वटा नियमावली, ७ कार्यविधि, समेत लगायत १२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवस्यक कानूनहरु निर्माण गरी राजपत्रमा प्रकासन गरेर कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४६ र यो वर्ष थप भएको १४९ गरी कुल १९५ विवाद दर्ता भएकोमा १७० फस्यौंट भई १९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छः

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०५४ साल देखि हाल सम्म | १८ | २-१-१९-३ क्षेत्रफल भएको | दानपत्र /राजिनामा पास |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | ४१ | ३०२८४ | विभिन्न समयमा खरिद |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | ४ | १६१२ | विभिन्न समयमा खरि |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | विवरण नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | विवरण नभएको |

पालिकाले आफू मातहत रहेको घर,जग्गाको लागत तथा खरिद मूल्य र खरिद समय , क्षेत्रफल समेत खुलाई विभिन्न संरचना तथा उपकरणकको अध्यावधिक अभिलेख नराखेकोले त्यसमा विश्लेषण गर्ने आधार रहेको छैन ।पालिकाले आफ्नो सवै सम्पत्तिको एकिकृत र अध्यावधिक अभिलेख राखि त्यसको संरक्षण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **जिन्सी निरिक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, तीन सदस्यीय समिति मार्फत निरीक्षण गरी गराई प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान १ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष एक सदस्यीय समिति मार्फत जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएकोमा नियममा उल्लेखित व्यहोरा नखुलाई प्रतिवेदन तयार गरेको पाईयो। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।प्रतिवेदन साथ पेश भएको जिन्सी निरीक्षण फारम मलेप फा नं ४११ अनुसार सामानको अवस्थामा मर्मत गर्नु पर्नेमा २९ प्रकारका २५२ वटा, लिलाम गर्नु पर्नेमा ३४ प्रकारका १७३वटा र मिन्हामा ७ प्रकारका ३० वटा मालसमान देखिएकोले नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने र सोको आधारमा मर्मत सम्भार, लिलामी र निम्नानुसारका मिन्हा गर्नु पर्ने सामानको समयमै मिन्हा गरि सोकी प्रमाण पेश गर्नु पर्दछ ।

| सि.नं | सामानको नाम | मिन्हा गर्नु पर्ने सामा | परल मूल्य |
|---|---|---|---|
| १ | सिसि टिभि क्यामरा | २ | २६६८८.०० |
| २ | ल्यापटप | २ | १५४९८५.०० |
| ३ | प्रिन्टर | ६ | १२१९५२.०० |

| | | | |
|---|---|---|---|
| ४ | टेवुल पंखा | १ | ३७७५.०० |
| ५ | विपि सेट | ५ | ९१९८६.०० |
| ६ | भिजिटर टुल | ४ | १३२००.०० |
| ७ | रिभल्भिङ चियर | १० | १४१५२७.०० |
| | **जम्माः** | | **५,५४,११३.००** |

सैद्धान्तिक बेरुजु

२१ **जिन्सी अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने तथा प्रयोगमा नआउने समान नस्ट गर्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्वन्धमा परीक्षण गर्दा पालिकाले PAMS मा जिन्सी अभिलेख राख्न सुरुवात गरेता पनि सहायक जिन्सीखाता हालसम्म अध्यावधिक नगरेको , सरकारी घरजग्गाको अभिलेख PAMS मा समावेस नभएको, बरवुझारथका लगत अध्यावधिक नगरेको देखिएकोले सरकारी सम्पत्तिको संरक्षण तथा उपयोग नियमसम्त भएकोमा एकिन हुन सक्ने अवस्था रहेन ।यसमा तत्काल सुधारगरी जिन्सी अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **नामनामेसी नखुलेको धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८(ख,घ) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभएको तथा तोकिएको म्यादमा फिर्ताकोलागि निवेदन नदिएको र बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको आ.व ०७९।०८०को श्रेस्ता अनुसारको धरौटीको श्रेस्ता अनुसारको मौज्दात रु.२,२३,९७,५२७।रहेकोमा नाम नामेसी नखुलेको धरौटी आ.व ०७५।०७६ को रु.११, ८९, ८३१.४२ आ.व ०७६।०७७ को रु.१,९५१.०८ र आ.व ०७८।०७९को रु. ४७,०००.०० समेत जम्मा रु.१२,३८,७८२.५० देखिएकोले नियममा भएको व्यवस्था अनुसार कारवाहि गरि राजश्व खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,३८,७८२ |

२३ **नक्सा पास र धरौटी फिर्ता** - पालिकाको आर्थिक ऐन, २०७९ अनुसार नक्सा पास दर्ता गर्दा राखेको धरौटी रकम ५० प्रतिशत निर्माण सम्पन्न भएको ३ महिना भित्र फिर्ता गरिसक्नुपर्नेमा निम्न व्यक्तिको धरौटी सो म्याद नाघेपछि फिर्ता गरेको ऐन सम्मत नदेखिएको रु...

| क.स. | घर धनीको नाम | सम्पन्न मिति | फिर्ता मिति | रकम |
|---|---|---|---|---|
| १ | अन्जना कुमारी चौहान | ०७७/११/२१ | ०७९/०४/०५ | १२००० |
| २ | अनिता खतिवडा | ०७८/९/७ | ०७९/०४/०६ | ३३५० |
| ३ | नगेन्द्र प्रसाद दहाल | ७/२१/२०७९ | ०७९/११/२१ | ९७६० |
| ४ | दिपेन्द्र भट्टराई | ०७९/५/२७ | ०७९/१०/२३ | ३१८० |
| ५ | विमला राई | ०७८/१२/२२ | ०७९/०४/१७ | ९२९५ |
| ६ | इन्द्र श्रेष्ठ | ०७९/०६/२८ | ०८०/०२/०४ | १६६४० |
| **जम्मा** | | | | ५४२२५।- |

| अनियमित भएको | ५४,२२५ |
|---|---|

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **सार्वजनिक परिक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेता पनि यो बर्ष पालिकाले सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गराई प्रतिवेदन लिएको देखिएन । यसवाट पालिकाले सन्चालन गरेका कार्यक्रमको सार्वजनिक पक्षवाट मूल्याँकन नभएको र जनता सेवा प्रतिको प्रतिक्रिया नसुनिएको अवस्थाम सवै सेवा तथा कार्यहरु पारदर्शि र निश्पक्ष मितव्ययी र प्रभावकारी रुपमा प्रवाह भएका छन भन्ने आधारको कमि देखियो । अतः पालिकाले तोकिए बमोजिम सार्वजनिक परीक्षण र सुनुवाई गरी प्राप्त सुझावको बिश्लेषण गरि सो को सुधारकासाथ पालिकाबाट आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **अबण्डा वजेट** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल १९० योजनामा वजेट विनियोजन गरेको छ।

सैद्धान्तिक बेरुजु

२७ **बितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाको नमूना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले बिभिन्न संघ सस्थाहरुलाई जात्रा महोत्सव तथा खेलकुद सम्बन्धि कार्यक्रम सञ्चालन र वडागत कार्यक्रम तर्फ प्राय सबै वडाहरुले समान खरिद गर्ने र लक्षित बर्गलाई बाढ्ने जस्ता वितरणमुखि कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । कार्यविधि तथा मापदण्ड वेगर यसरी वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित रहि पारदर्शी तवरले गर्नुपर्दछ । कार्यबिधि र मापदण्ड बेगरका यस प्रकारका वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । केहि उदाहरणहरुः

| भौ नं र मिति | कार्यक्रम | संघ संस्थाको नाम | भुक्तानी रकम रु |
|---|---|---|---|
| ८७४।०७९।१०।२३ | वडा नं २ खेलकुद कार्यक्रम | एभरेष्ट स्पोर्टस एण्ड इभेन्टस क्लब | ३०००००।०० |
| ९२७।०७९।१०।२९ | अति विपन्न छात्रबृत्ति वडा नं ८ | बुद्ध मा वि र पथरी बहुमुखी क्याम्पस | १४९२००।०० |
| ९२३।०७९।१०।२९ | वडा द्दं ३ को लक्षित कार्यक्रम | अपाङ्ग मिलिजुली समूह डसना सिरानी बितरण | १०००००।०० |
| ९६१।०७९।११।३ | वडा नं ९ लक्षित कार्यक्रम | ब्ल्याङकेट तन्ना वितरण | ९००००।०० |
| १०७४।०७९।११।२९ | वडा नं ७ जेष्ठ नागरिक सम्मान | जेष्ठ नागरिक तथा एकल महिलालाई इलेक्ट्रिक जग खरिद तथा वितरण | २०००००।०० |
| १०९७।०७९।१२।२ | वडा नं ९ जेष्ठ नागरिक सम्मान | जेष्ठ नागरिक सम्मान कार्यक्रम उपभोक्ता समिति दोसल्ला खादा टोपी वितरण | १४००००।०० |
| १११४।०७९।१२।३ | वडा नं ७ को दलित लक्षित | उपभोक्ता समिति मार्फत ब्ल्याङकेट वितरण | ९००००।०० |
| १२६२।०७९।१२।२७ | वडा नं ३ खेलकुद कार्यक्रम | सिरिजङ्गा स्पोर्टस क्लब | १०००००।०० |

| | | | |
|---|---|---|---|
| ४७५।०७९।८।१४ | शनिश्चरे प्रिमियर लिंग सञ्चालन | पथरी शनिश्चरे प्रिमियर लिंग समिति | ५०००००।०० |
| ९८१।०७९।११।४ | वडा नं १ व्युटिसियन तालिम | नेपाल मगर संघ | १०००००।०० |
| १०३०।०७९।११।१९ | अनुदान | बिश्वनाथ संस्कृत बिद्यालय | ३०००००।०० |
| १३२८।०८०।१।६ | शहिद रत्न कुमार वान्तवा दोस्रो राष्ट्रिय खुल्ला बुद्धिचाल प्रतियोगिता | फ्रेन्डसिप चेस क्लब पथरी | ४५००००।०० |

सैद्धान्तिक बेरुजु

२८ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकी ३ कार्यक्रमको रु. ५० लाख यो बर्षको बजेटमा थपभारको रुपमा दायित्व कायम गरि वजेटमा समावेश गरेको छ। यसरी चालु बर्षको वजेटमा विगतको दायित्वले पारेको असरवाट चालु बर्षमा नयाँ आयोजनाको छनौट तथा कार्यान्वयनमा समेत साधन श्रोतको अभाव हुन जाने र बजेट खर्चको सन्तुलन नै अस्थिर हुने हुनाले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।पालिकामा आन्तरिक लेखापरीक्षण ईकाई गठन भई पाँचौ तहको एक कर्मचारी कार्यरत रहेता पनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा गरि मिति २०८०।८।१४ मा मात्र प्रतिवेदन पेश गरेको पाईयो ।कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको प्रत्येक त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त पेश्की बाहेक चालु आर्थिक बर्षको अन्त्य सम्ममा फस्योँट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ। पालिकामा चालु आर्थिक बर्षको अन्त्यसम्म फस्योँट हुन नसक्ने मोविलाईजेशन पेश्की, कर्मचारी तथा पदाधिकारीले लिएको पेश्की फस्योट हुन बाँकी देखिएकोमा सार्जजनिक खरिद नियमावलीको नियम ११३(५) बमोजिम रनिङ बिल बाट कट्टा गरी तोकेको अवधिभित्र मोविलाईजेशन पेश्की फस्यौट गर्नु पर्ने र मोबिलाईजेशन पेश्की वाहेक अन्य पेश्कीको हकमा वर्षको अन्त्य सम्म फस्यौट हुन नसक्ने पेश्की दिईएकोले नियम विपरित पेस्की फस्यौट गर्न पर्ने रु.

| सि.नं. | पेश्की लिने व्यक्ति वा फर्मको नाम | विवरण | म्याद ननाघेको पेश्की रु. | म्याद नाघेको पेश्की रु. |
|---|---|---|---|---|
| १ | श्री याक्थुमहाङ्ग एच. एम बिल्डर्स जे . भि . | बुद्ध मा. वि . भवन निर्माण | ० | १००००० |
| २ | श्री याक्थुमहाङ्ग एच. एम बिल्डर्स जे . भि . | बुद्ध मा. वि . भवन निर्माण | ० | ८००००० |
| ३ | सरोबर विल्डर्स प्रा. लि . | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा सञ्चालन | ० | ६४१०० |
| ४ | नगर खेलकुद विकास समिति | खेलकुद | ० | ३०००० |
| ५ | साङ्गा छ्योइलिङ गुम्बा | अ. ल्या . विविध योजना | ० | ५४१२० |
| ६ | साङ्गा छ्योइलिङ गुम्बा | अ. ल्या . विविध योजना | ० | ५४१२० |
| ७ | श्री दुर्गा माध्यमिक विद्यालय | सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था | ० | ६०००० |
| ८ | श्री शिक्षा सदन आ. वि . | सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था | ० | ९०००० |
| ९ | उद्योग वाणिज्य संघ भवन निर्माण समिति | उद्योग वाणिज्य संघ भवन | ० | ८०१५० |
| १० | कोशेली चोक पश्चिम होक्सेलेलिको घर पुर्व ड्रेन निर्माण उ. स . | कोशेली चोक पश्चिबम पैनि वाट होक्सेलीको घर पूर्व ड्रेन निर्माण तथा साघुँरो कल्भडमा होमपायप | ० | १२८००० |
| ११ | किसान टोलमा कल्भड निर्माण समिति | किसान टोलमा कल्भड निर्माण | ० | ११२०६५ |
| १२ | पथरी कृषी बजार व्यवस्थापन समिति | विपद व्यवस्थापन | ० | १७००० |
| १३ | मनकामना सिमसार व्यवस्थापन समूह | मनकामना सामुदायिक वन उपभोक्ता समूहको सिमसार क्षेत्र भित्र वाघे पोखरी निर्माण | ० | २२०००० |
| १४ | रागावाल होलि निर्माण उपभोक्ता समिति | सृजंघा बजार वाट उत्तर पुर्व हुँदै रागावालको घर हुदैं सिद्वार्थ टोलमा जोड्ने रागावाल होलीमा कल्भर्ड | ० | ३२०१०० |
| १५ | वडा नं २ र १० सिमाना बाटो निर्माण उ. स . | सडक तथा पुल निर्माण | ० | १८२४५७ |
| १६ | श्री नवज्योती किर्तन मण्डली | मठ मन्दिर | ० | ५०००० |
| १७ | शिप विकास नारी दिवश तथा ढाकातान महिला उद्यमी समिति | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ० | ४९५०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | सुनिल दाहालको घर अगाडी कल्भड सहित बाटो स्तरउन्नती समिति | सुनिल दाहालको घर अगाडी कल्भड सहित बाटो स्तरउन्नती | ० | १६००५० |
| १९ | संयुक्त खानेपानी तथा सरसफाई उ. स . | खानेपानी | ० | ३०० |
| २० | कोशेली चोक पश्चिम पैनि वाट होक्सेलीको घर पुर्व ड्रेन निर्माण तथा साँघुरो कल्भडमा होमपाइप निर्माण उ. स . | कोशेली चोक पश्चिम पैनि वाट होक्सेलीको घर पुर्व ड्रेन निर्माण तथा साँघुरो कल्भडमा होमपाइप | ० | १२८००० |
| २१ | किसान टोलमा कल्भड निर्माण उ. स . | किसान टोलमा कल्भड निर्माण | ० | ११२०६५ |
| २२ | सुनिल दाहालको घर अगाडी कल्भड सहित बाटो स्तरउन्नती समिति | सुनिल दाहालको घर अगाडी कल्भड सहित बाटो स्तरउन्नती | ० | १६००५० |
| २३ | तल्लो पिप्ले खोला माटो फिलिङ उ. स . | तल्लो पिप्ले पुल निर्माण ४ | ० | ११८८०० |
| २४ | पश्चिम बस स्ट्याण्डमा सार्वजनिक शौचालय निर्माण उ. स . | मर्मत संभार कोष | ० | १५९२९० |
| २५ | गोमादेवि पौडेल | वडाको वृतचित्र निर्माण | ० | ४६३४५ |
| २६ | दिपक राज आचार्य | मेशिनरी तथा औजार | ० | १००००० |
| २७ | भुपेन्द्रराज तिम्सिना | सभा सञ्चालन | ० | २०००० |
| २८ | सनम नेपाल | बिमा तथा नबिकरण | ० | ३३०० |
| २९ | हिमतारा आर के. जे . भि . | बुद्ध मार्ग कालोपत्रे समपुरक | १५००००० | ० |
| ३० | रायमाझी खुस्बु लुम्बिनी जे. भि . | बुद्ध मार्ग कालोपत्रे समपुरक | ४२००००० | |
| | | **जम्मा रु.** | **५७०००००** | ३४१९८१२ |

***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. ९०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | ३४,१९,८१२ |

३१ **बेरुजूको लगत** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने व तिर्नु बुझाउनु पर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम म.ले.प. फारम नं.८०१- बेरुजु लगत, म.ले.प. फारम नं.८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन, म.ले.प. फारम नं.८०५- सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको

तुलनात्मक अध्ययन गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्थाको पालना गर्न गराउनु तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च (रु.हजारमा) | आन्तरिक आय (रु.हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६९४९२९ | ४०६०६ | ५.८४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत ५.८४ मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३३ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पती कर, सेवा शुल्क, दस्तुर लगायतमा अनुमान रु ३ करोड ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।अन्य क्षेत्रको आय,८० मा रु ४ करोड ६ लाख ७६ हजार अर्थात अनुमानमा ११६ प्रतिशत आय प्राप्त गरेको छ पूर्वाधार सेवा दस्तुर,अन्य क्षेत्रको आय, एफएम सन्चालन दस्तुर,धरौटी सदर स्याहामा शुन्य प्रगति देखिएता पनि सवै शिर्षकमा शिर्षक अनुसारको राजश्व दाखिलामा फरक देखिएकोले शिर्षक अनुसारको असलीमा एकिन हुनसक्ने अवस्था रहेन । सम्पत्ति कर,बहाल कर,सिफारिस दस्तुरहरु, अन्य दस्तुर र केहि आय ठेक्का वाहेक अधिकांस ठेक्कामा अनुमानको तुलनामा असुली कम भएको देखिएकोले लक्ष्य अनुसारको असुली गर्न गराउन र आम्दानीका अन्य नयाँ स्रोतको पहिचान गरि आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| आय शिर्षक नाम | प्रक्षेपित आय | आय असुली | असुली % |
|---|---|---|---|
| सम्पत्ति कर | १७०००००० | २२५८९०१.५ | १३२.९ |
| भुमिकर/मालपोत | ७०००००० | ६८०६४८०.७ | ९७.२४ |
| घर / जग्गा बहाल कर | २५००००० | ४३५५१३०.९८ | १७४.२ |
| वहाल विटौरी कर | १४००००० | १७७७९१६.८ | १२७ |

| | | | |
|---|---|---|---|
| अन्य क्षेत्रको आय | १०००००० | ० | ० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | १३००००० | २९८०० | २.२९२ |
| अन्य कर | १०००० | २०० | २ |
| सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | २०००००० | २९३६३६३ | १४६.८ |
| अन्य सेवा शुल्क | १००००० | १३९०२६२ | १३९० |
| न्यायिक दस्तुर | ६०००० | ७४३०० | १२३.८ |
| परीक्षा शुल्क | १००००० | ३९८००० | ३९८ |
| नक्सापास दस्तुर | ४५००००० | ३६७७२३९.८७ | ८१.७२ |
| सिफारिश दस्तुर | ५०००००० | ५४८६३५४ | १०९.७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | १३२६४०७ | १३२.६ |
| नाता प्रमाणित दस्तुर | ३००००० | ७७२८०० | २५७.६ |
| अन्य दस्तुर | १०००० | २८१६७७३.५ | २८१६८ |
| न्यायिक दण्ड , जरिवाना र जफत | ५००० | ५९०० | ११८ |
| प्रशासनिक दण्ड , जरिवाना र जफत | ६०००० | २६१०० | ४३.५ |
| व्यवसाय कर | २३३५००० | ५६४४४५७ | २४१.७ |
| प्रदुषण नियन्त्रण शुल्क | १५००००० | २६२७० | १.७५१ |
| अन्य राजस्व | ० | ५०० | |
| बेरुजु | २५००००० | ८६६५४६ | ३४.६६ |
| एफ एम सन्चालन दस्तुर | १०००० | ० | ० |
| धरौटी सदर स्याहा | ११०००० | ० | ० |
| पूर्वाधार सेवाको उपयोग दस्तुर | ५००००० | ० | ० |
| **जम्मा** | **३५००००००** | **४०६७६७०२.४** | **११६.२** |

सैद्धान्तिक बेरुजु

३४ **राजस्वको अभिलेख**- कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने गरेको पाईयो ।विभिन्न समय र वडामा कामको सिलसिलामा क्यानसिल भएका रसिदको विवरण तथा सक्कल प्रति पालिकाले एकिकृत नगरेकोले अधिकार प्राप्त अधिकारीवाट उक्त क्यान्सीलेशनको नियन्त्रण भए नभएकोमा एकिन हुन सकिएन । यस सम्बन्धमा कार्यालयबाटै छानविन गरि एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **बक्यौता सटर भाडा** - पालिकाले आफ्नो स्वामित्वमा रहेको कार्यालयसँग जोडिएको ९ वटा सटर २०७९/८० देखि २०८३/८४ सम्मको लागि भाडामा लगाउने र २०७९ श्रावण भन्दा अघिको बक्यौता रकम असुल्न गर्ने निर्णय नं. ६- २०७९/४/११ मा गरेकोमा हालसम्म निम्नानुसारको बक्यौता भाडा रकम असुल गरेको नदेखिएकोले संझौतामा व्यवस्था गरिएको जरिवाना र व्याज सहित उक्त रकम असुल गरि दाखिला गर्ने निम्नानुसारको रु...

| क.स | सटर नं. | अघिको बक्यौता |
|---|---|---|
| १ | १ | २१,८५९.२० |
| २ | २ | २१,८५९.२० |
| ३ | ३ | २१,८५९.२० |
| ४ | ४ | १४,९५०.०० |
| ५ | ५ | २१,८५९.२० |
| ६ | ६ | २१,८५९.२० |
| ७ | ७ | २१,८५९.२० |
| ८ | ९ | २१,८५९.२० |
| **जम्मा** | | **१,६७,६६४.४०** |

| असुल गर्नुपर्ने | १,६७,९६४.४ |
|---|---|

३६ **व्यवसाय कर असूली** - पालिको आर्थिक ऐन २०७९ अनुसार पालिका क्षेत्र भित्रमा सन्चालित विभिन्न व्यवसायमा विभिन्न दरले कर तथा वार्षिक नविकरण शुल्क लगाउने र असुल गर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो कार्य क्षेत्र भित्रमा व्यवसाय कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। विगतमा दर्ता भएका तर नविकरण नभएका वा व्यवसाय खारेज गरेका करदाताको अध्यावधिक अभिलेख नभएकोले पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। सम्पत्ति तथा व्यवसाय करको २०८० आषाढ मसान्तसम्मको अवस्था निम्नानुसार रहेको देखिएकोले पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| करको किसिम | नविकरण भएको करदाता संख्या | नविकरण रकम | यस आवमा थप करदाता | कर रकम | जम्मा करदाता | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| व्यवसाय कर | ६५ | ५७३००० | ११४३ | ४७५१३०० | १२०८ | ५३२४३००० |
| सम्पत्तरिकर | ९७९५ | ७३३१७७९ | १७८३ | १७२९१२४ | ११५७८ | ९०६०९०३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ९९१७ | ९४५४१८० | २४३१ | ४९३१०२३ | १२३४८ | १४३८५२०३ |

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **भाडा रकम** - आय ठेक्का लगाउँदा मुल्य अभिवृद्धिकर ऐन २०५२ दफा १५(३) अनुसार असूल गरी दाखिआर्थिक बर्ष २०७९/८० को लागि सटर नं ४ का भाडाधनि दुर्गा प्रसाद अधिकारीले २०८० आषाढको वहाल रकम रु.१०४६०। दाखिला गरेको नदेखिएकोले सम्झौताको व्यवस्था अनुसार असुल गरि दाखिला गर्ने रु.

| असुल गर्नुपर्ने | १०,४६० |
|---|---|

३८ **मुल्य अभिबृद्धि कर दाखिला**

***...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.२२२५६१।- सम्परीक्षण गरिएको ।)***

३९ **नगर अस्पताल** - पालिकाले पथरी शनिश्चरे नगर पालिकाको स्वास्थ्य ऐन, २०७७ स्वीकृत गरी दफा ७ मा नगर अस्पताल व्यवस्थापन समिति गठनको व्यवस्था छ। समिति मातहत पालिकाले १५ शैयाको नगर अस्पताल सन्चालन गरेकोमा अस्पताल सन्चालनकोलागि पालिकाले नगर अस्पताल व्यवस्थापन तथा सन्चालन कार्यविधि २०७८ स्वीकृतगरि कार्यान्वयनमा ल्याएता पनि समितिको आर्थिक प्रशासन सन्चालन कार्यविधि तयार गरेको देखिएन।कार्यविधिमा समितिले तोके वमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षकको नियुक्ती गर्ने व्यवस्था रहेको पाईयो।नगरपालिका प्रमुखको अध्यक्षतामा अस्पताल व्यवस्थापन समिति रहेको र पालिका अन्तर्गतको अस्पताल भएकोले आफ्नै आन्तरिक लेखापरीक्षक भएको अवस्थामा निजजाटै नियमित आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन पालिकामा पेश गर्ने र तत्पश्चात अन्तिम लेखापरीक्षण गराउँदा मितव्ययी समेत हुनुको साथै समयमै दखिएका कमिकमजोरी सुधार हुने अवस्था रहने हुँदा कार्यविधिमै सोको व्यवस्थागरि लेखापरीक्षणको व्यवस्था हुनु पर्दछ।साथै अस्पतालले उपलव्ध साधनलाई खर्चका मापदण्ड बनाई समितिवाट स्वीकृत गराएर मितव्यियी तथा पारदर्शितरिकाले आर्थिक प्रशासन सञ्चालन गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३९ वटा सहकारी संस्था रहेकोमा ९ वटा निस्क्रीय भए पनि पालिकाले त्यसलाई कारवाहि गरेको छैन ।उक्त सहकारी संस्थाहरु मध्ये २५ वटा मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भएको विवरण लेखापरीक्षणको क्रममा पेश भएको

छ ।पालिका स्थित शहकारीले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्न गराउन प्रदेश र संघ स्तरवाट पत्राचार गरेता पनि सोको प्रभावकारी कार्यान्वयन भएको पाइएन । यस आर्थिक बर्षमा सहकारीको संस्थागत विकास तथा क्षमता विकास सम्वन्धमा कुनै तालीम कार्यक्रम सन्चालन भएको देखिएन । त्यसैगरी पालिकाबाट पालिका स्थित शहकारीको अनुगमन निरीक्षण भएको तथा शहकारीको वार्षिक प्रतिवेदन लिने तर्फ परीक्षण गर्दा १२ वटाको नियमित अनुगमन, २ वटाको सघन अनुगमन गरेता पनि अन्य १६को अनुगमन भएको पाईएन । अनुगमन गरिएका १४ संस्था मध्ये ४ शहकारीको परीक्षण प्रतिबेदन गर्दा सिमाभन्दा वढी लगानी गरेको , हिसाव व्यवस्थित नगरेको,व्यवस्थापन पक्ष कमजोर रहेको,भाखा नाघेका ऋणहरु रहेको,चारखाता अध्यावधिक नगरेको लगायतका व्यहोरा उल्लेख गरेको पाईयो । यसरी पालिका भित्र सन्चालित शहकारिको अनुगमन प्रतिवेदनवाट बचत कर्ताको बचत तथा विधान अनुसारको उद्वेश्य अनुसार शहकारी सन्चालन भएकोमा एकिन हुन सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकामा भएको व्यवस्था अनुसार पालिका स्थित शहकारी हरुलाई प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरि सहकारीको मर्म र मान्यता अनुसार सन्चालन गराई सदस्यको सहभागिताको सुरक्षामा आश्वस्त गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले भन्ने सम स्रोतमै आफ्नो कार्यक्षेत्र भित्रको फोहर व्यवस्थापन गर्नु पर्ने र त्यसका लागि आवस्यक व्यवस्थापन मिलाउनु पर्ने देखिन्छ ।पालिकाले आफ्नो कार्यक्षेत्रमा उत्पादन हुने फोहरलाई के कसरी व्यवस्थापन गर्ने भन्ने सम्वन्धमा हालसम्म कुनै नियम कार्यविधि वनाएको देखिएन ।पालिका गठन पश्चात हालसम्म ल्याण्ड फिल्ड साईड एकिन नभएको, फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **सामुदायिक वनको आय** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख)१ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस सम्वन्धमा कुनै अभिलेख नराखेकोले यस सम्वन्धमा केहि विश्लेषण गर्न सक्ने अवस्था रहेन ।यस तर्फ पालिकाको ध्यानाकर्षण हुन पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४३ **करार कर्मचारीको तलव भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १२३ जना कर्मचारीहरु करारमा राखी रु ४७००००००।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ४८ जना करार नियुक्ति गरी बर्षभरीमा रु १४००७५३२।०० भुक्तानी गरेको अनियमित देखएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,४०,०७,५३२ |

४४ **कर्मचारी बैठक भत्ता** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७५ ले नगरपालिका प्रमुख, उप प्रमुख, वडाअध्यक्ष, सदस्य लगायतले पाउने सुबिधा सम्बन्धि व्यवस्था कानूनले गरेको छ । नगरपालिकाको वडा समितिको बैठकमा वडा अध्यक्ष र सदस्यले बैठकमा उपस्थिति भए वापत तोकिएको दरमा बैठक भत्ता पाउने व्यवस्था छ । पालिकाले देहायका वडा समितिको बैठकमा वडा समितिका पदाधिकारीका अतिरिक्त अन्य कर्मचारी समेतलाई मासिक रुपमा सुबिधा सरह बैठक भत्ता उपलब्ध गराएको देखिएकोले कर्मचारीले पदाधिकारी सरह प्रत्येक बैठकमा उपस्थित भई बैठक भत्ता लिन मिल्ने नदेखिएकोले सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु..

| भौ नं मिति | नाम थर | पद | बैठक संख्या | कर कट्टी पछि भुक्तानी रकम |
|---|---|---|---|---|
| बिभिन्न | युवराज तिम्सिना | प्राबिधिक साहयक | १० | ८५००।०० |
| बिभिन्न | निशा खडका | प्राबिधिक साहयक | ८ | ६८००।०० |
| बिभिन्न | देवकृष्ण यादव | प्राबिधिक साहयक | ८ | ६८००।०० |
| बिभिन्न | रमेश कुमार चौधरी | प्राबिधिक साहयक | १२ | १०२००।०० |
| बिभिन्न | बल बहादुर बस्नेत | प्राबिधिक साहयक | १२ | १०२००।०० |
| बिभिन्न | बिनिता बास्कोटा | प्राबिधिक साहयक | १४ | ११९००।०० |
| | **जम्मा रु** | | | **५४४००।००** |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।७ को निर्णयबाट रु. ६८००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,४०० |

४५ **कर्मचारी प्रोत्साहन भत्ता** - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को बुदा नं ६ को ५ मा अत्यावश्यक विषयमा थप आर्थिक दायित्व सिर्जना हुने गरी वा खाइपाई आएको भत्ता वा सुबिधामा थप हुने गरी निर्णय गर्नुपर्ने भएमा सार्वजनिक निकायले त्यस्तो निर्णय गर्नु अघि अर्थ

मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले नगरसभाले कर्मचारीले खाइपाई आएको शुरु तलव स्केलको १० देखि २० प्रतिशतसम्म प्रोत्साहन दिन सकिने निर्णयानुसार नगरकार्यपालिकामा कार्यरत स्थाई ४१ र करार तर्फ १२ जना गरी जम्मा ५३ जना कर्मचारीहरुलाई शुरु तलव स्केलको १५ प्रतिशतका दरले मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउन बार्षिक रु ३११४२००।०० विनियोजन गरी खर्च लेखेको छ । तर नगरकार्यपालिकाले कार्यसम्पादन सूचाङ्क सहितको प्रोत्साहन सम्बन्धि कार्यबिधि स्वीकृत गरी लागु गरेको छैन साथै थप कार्य गरेको प्रमाणित अभिलेख समेत समेत राखेको देखिएन । अतः आवश्यक कार्यबिधि तयार गरेरमात्र प्रोत्साहन भुक्तानी गर्नुमा सो नगरी भुक्तानी दिएको नियमसंगत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ३१,१४,२०० |

४६ **नियमित कामको बैठक भत्ता भुक्तानी** - सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को ६( ६ ) मा कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकका लागि कार्यालय समयभन्दा बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउने तथा एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध नगराउने व्यवस्था छ । पालिकाले भौ नं ३५९।०७९।७।३ बाट आफ्नै मादहतका कर्मचारीहरुको बार्षिक कार्यसम्पादन मूल्याकनका लागि समितिको बैठक बसेको माइन्यूट संलग्न राखी प्रमुख प्रशासकिय अधिकृत सहित १० जनालाई बैठक भत्ता वापत रु २४२२५।०० भुक्तानी भएको देखिएकोले यसरी नियमित कामका लागि बैठक भत्ता भुक्तानी गर्ने परम्परामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **बिद्युत महशुल** - बिद्युत, खानेपानी तथा टेलिफौन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नु पर्ने उपभोग वापतको भुक्तानीमा जरिवना नतिर्ने बरु छुट लिने गरी समयमै विल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । पालिकाले गो भौ नं ११२२, १२४७ र १९३७ बाट नेपाल बिधुत प्राधिकरणलाइ महशुल वापत रु ९५२७२।०० भुक्तानी गर्दा थप हर्जना रु ८३१८।०० भुक्तानी गरेको देखयो । पालिकाले समयमै विल भुक्तानी नगर्दा थप दायित्व सिर्जना हुने भएकोले समयमै विल भुक्तानी गरी रिवेट लिने तर्फ ध्यान दिनु पर्दछ । यसरी थप दायित्व श्रृजना हुने गरी गरेको भुक्तानी नियमसंगत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ८,३१८ |

४८ **क्याम्पसलाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वायत्त संस्थाहरुलाई सञ्चालन खर्च अनुदानका रुपमा उपलब्ध गराउन मिल्ने आधार देखिँदैन । पथरी बहुमुखी क्याम्पसको लागि आवश्यक सहयोगलाई

निरन्तरता दिने भनी नगर सभा कार्यक्रममा उल्लेख भए अनुसार पालिकाले यस वर्ष उक्त क्याम्पसलाई शैक्षिक अनुदानका रुपमा रु २००००००।०० निकासा गरेको पाइयो । पालिकाले शैक्षिक क्षेत्र तर्फ अनुदान वितरण गर्ने कार्यविधि तयार गरेको पाइएन साथै क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदुपयोग भएको प्रमाण समेत पेश गरेको देखिएन । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका निकायलाई अनुदान भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २०,००,००० |

४९ **अन्य सामाजिक सुरक्षा कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरण सम्बन्धी कुनै कार्यविधि समेत तयार नगरी बिपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रममा रु ३८२९४५०।०० खर्च गरेको पाइयो । यसरी आर्थिक सहायता वितरणको नमुना छनौट गरी परीक्षण गर्दा उक्त रकम नगरप्रमुखको तोकआदेश, वडा समितको सिफारिस र केही रकम कार्यपालिकाको निर्णयको आधरमा समेत वितरण गर्ने गरेको पाइयो । त्यस अतिरिक्त पालिकाले गरिब तथा विपन्न नागरिको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन सबै वडाहरुबाट कम्तिमा १०० परिवारका दरले बिपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बीमा तर्फ रु ३६०८५००।०० खर्च गरेको छ । पालिकाले उपरोक्त सामाजिक सुरक्षा कार्यक्रम तर्फ जम्मा रु. ७४३७९५०।०० खर्च गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रमहरुलाई एकद्धार नीतिबाट सञ्चालन गरी यस्ता खर्चहरुमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५० **स्वयंसेवक शिक्षक अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्यको बारेमा उल्लेख गरिएको छ। जस अन्तर्गत आधारभुत र माद्यमिक विद्यालय सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिइएको छ । पालिकाले स्थानीय भाषा पठन पाठनका लागि पालिका अन्तर्गतका ४४ सामुदायिक विद्यालयहरुमा ४४ जना भाषा शिक्षक नियुक्ति गरी वित्तिय सामानीकरण चालुको बिभिन्न गोश्वरा भौचरबाट रू. ३६७३०००। स्वंयसेवक शिक्षक व्यवस्थापन शिर्षकमा अनुदान भुक्तानी गरेको देखिन्छ। तर हालसम्म पालिका भित्र स्थानीय पाठ्यक्रम निर्माण गरी स्वीकृत भएको अवस्था देखिदैन। पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गर्दै स्थानीय मातृ भाषाको पाठ्यक्रम तथा आवश्यक कार्यबिधि नगर सभाबाट स्वीकृत गरी कार्यान्वियन तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५१ **महिला स्वयंसेविका प्रोत्साहन** - नेपाल सरकार संघिय शशर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा स्थानिय सरकारले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी थप प्रोत्साहन सम्बन्धि कार्यक्रम गर्नु पर्दछ। नगरपालिकाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संघिय शर्सतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त यातायात मासिक

४००।०० प्रोत्साहन मासिक ३०००। र चाडपर्व खर्च वापत ३०००। का दरले भुक्तानी गरेको छ । त्यस्तै वडा नम्बर ५ र ६ ले वडागत कार्यक्रम तर्फ समेत प्रोत्साहन वापत प्रति व्यक्ति रु १००००। का दरले भुक्तानी गरेको छ । उक्त कार्यमा चालु सामानिकरणबाट बार्षिक रु २९३४०००।०० खर्च भएको देखिन्छ । अतः आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **अनुदानको अनुगमन** - पालिकाले स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । विल भरपाई संलग्न नगरी विभिन्न व्यक्ती तथा संघ संस्थालाई अनुदान दिएकोमा सोको समुचित उपयोग भए नभएको अनुगमन गरी सोको प्रतिवेदन संलग्न गर्नु पर्दछ । पालिकाले अन्तर्गतका ७ वटा आधारभुत स्वास्थ्य केन्द्रहरुलाई बिभन्न गोश्वरा भौचरबाट रु ५००००।०० का दरले स्वास्थ्य संस्था सञ्चालन अनुदान वापत रु ३५००००।०० उपलब्ध गराएको छ । पालिकाले सोको उपयोग सम्बन्धमा अनुगमन गरी त्यसको सहि सदुपयोग भएको कुरामा आश्वस्त हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **सम्पत्तिको संरक्षण तथा उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ५५ ले जिम्मेवार व्यक्तिले सरकारी सम्पत्तिको संरक्षणको प्रवन्ध मिलाउनु पर्ने व्यवस्था गरेको,नियमावली,२०७७ को नियम ९४ देखि १०२ सम्म संरक्षण र लगत तथा उपयोग सम्वन्धमा विविध व्यवस्था गरेको छ ।यस सम्वन्धमा अभिलेख परीक्षण गर्दा चल सम्पत्तिको अभिलेख व्यवस्थित हुंदै गरेको देखिएता पनि अन्य अचल सम्पत्ति घर तथा जग्गा र विभिन्न संरचनाको अभिलेख तथा उपयोगमा पालिकाले उपयोग तथा संरक्षणमा ध्यान दिएको देखिएन ।उदाहरणको लागि पालिकाले प्रदेश सरकारको आर्थिक सहयोग पालिकाको वडा नं १ पशुहाट वाङ्गेवजार स्थित सार्वजनिक जग्गामा २०७७ मा रु ५० लाख ९२ हजारमा निर्माण सम्पन्न गरेको पशु बधशाला तथा सोहि स्थानमा २०७८ मा निर्माण सम्पन्न गरेको कृषिवजार टहरा १३ सटरको निर्माण लागत रु ४८ लाख ७० हजार खर्च गरि संरचना निर्माण भएकोमा हालसम्म पालिकाले त्यसलाई उपयोगमा ल्याएको देखिएन ।कार्यपालिकाको २०७९।९।१८ को निर्णय नं १७ अनुसार बधशाला मर्मतकोलागि रु ५ लाख वडा मार्फत वजेट विनियोजन गरेको र सोको मर्मत तथा अन्य जग्गाको संरक्षण गर्ने जिम्मेवारी वडा कार्यालयलाई दिएकोमा निर्माण पश्चात उपयोगमा नआउदै बधसाला मर्मत गर्नु परेको,उद्वेश्य अनुसार उपयोग हुन र संरक्षण हुन नसकेको देखियो ।त्यसैगरि सोहि स्थानमा २०७८ मा निर्माण सम्पन्न भएको १३ सटर मध्ये १० वटा सटर माषिक ५ हजारमा भाडामा लगाउने निर्णय कार्य पालिकाले मिति २०७९।१२।२४ मा निर्णय गरेकोमा सो समेत हालसम्म भाडामा लगाएको देखिएन ।यसरी निर्माण सम्पन्न भएको ३ बर्ष वितिसक्दा ९९ लाख ६२ हजार लगानि भएको संरचनाको सन्चालन पालिकाले नगर्दा उक्त खर्चको सदुपयोग भएको देखिएन ।यसमा पालिकाले सम्वन्धित पदाधिकारिलाई जिम्मेवार वनाई निर्मित संरचनाको समयमै उपयोग गरि पालिकाको आयमा सुधार तथा सम्पत्तिको संरक्षण गर्नु पर्दछ ।





सैद्धान्तिक बेरुजु

५४ **सवारी साधान मर्मत** - सवारी साधन तथा मेशिनरी औजार सञ्चालन तथा मर्मत अभिलेख खाता महालेखापरीक्षकबाट स्वीकृत म ले प फारामको प्रयोग गरी व्यवस्थित रुपमा राख्नु पर्दछ । कार्यपालिकाले सवारी साधन मर्मत शिर्षकमा रु ४६७४९४५।०० विनियोजन गरी खर्च गरेको छ । पालिकाले आफु अन्तर्गत रहेका गाडी एम्बुलेन्स तथा मोटरसाइकल मर्मत गर्दा कोटेशन मार्फत गर्ने गरेको छ । पालिकाले सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म ले प फाराम ४१४, मर्मत आवेदन तथा आदेश फाराम ४१४, ४१४(क) मर्मत सम्पन्न र ४१५ मर्मत अभिलेख खाता व्यवस्थित गर्ने र मर्मत सम्बन्धी मापदण्ड तयार गरी यस्तो खर्चमा मितव्ययि तथा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **ईन्धन खर्च** - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा प्रयोग गरिने कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चहरुमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको मर्मत तथा इन्धन खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले इन्धन शिर्षकमा वार्षिक रु

५९४३१६०।०० खर्च गरेको छ । पालिकालेले इन्धन खर्च सम्बन्धि मापदण्ड तयार गरेको छैन साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको देखिएन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **बिबिध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शिर्षकमा कार्यायलिका र वडातर्फ समेत गरी रु.३०००५२८। खर्च गरेको पाइयो । पालिकाले विविध शिर्षकमा हुने खर्चलाई मितव्ययी गरी उत्पादक क्षेत्रहरुमा लगानी बृद्धि गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ बील भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण खर्च शिर्षकमा रु.२२६३६५०। खर्च लेखेको छ । पालिकामा कर्यरत पदाधिकारी तथा कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा जिल्ला बाहिर तथा नियमानुसार भ्रमण खर्च पाउने स्थानहरुमा स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण गरेपश्चात भ्रमण बील अनुसार खर्च भुक्तानी हुने गरेकोमा नियमावलीले गरेको व्यवस्था अनुसारको भ्रमण प्रतिवेदन आंशिकमात्रै पेश हुने गरेको देखियो । पालिकाले आवश्यक काममा मात्र भ्रमण खर्च भुक्तानी गरी यस्ता प्रकृतिका खर्चहरुमा नियन्त्रण गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **प्रमाण वेगरको खर्च** - नगरपालिका चालु तर्फ भौनं १९२४-२०८०/३/१९ बाट वडा नं. ९ को बजेटबाट पालिकाले युवा लक्षित खेलकुद सामग्री खरिद गरी न्यू पाथिभरा स्पोर्ट सेन्टर लाई रु १९७२९८।— खर्च लेखेको छ । खुला दरभाउबाट सोझै खरिद गरिएका फुटवल १५ थान जर्सि ७२ लगायत १३ प्रकारका खेलकुद सामग्री खरिद आदेश अनुसार खरिद गरेकोमा दाखिला प्रतिवेदन पेश नभएको तथा वडा सचिव र वडा अध्यक्षको रोहवरमा कुनै एक व्यक्तिले उक्त सामग्री वुझेको भरपाई संलग्न रहेको पाइएकोले उक्त सामग्री वुझीलिने प्रत्येक व्यक्तिको भरपाई तथा वडा कार्यालयमा दाखिला तथा हस्तान्तरण भएको प्रमाण पेश गर्ने रु...

| प्रमाण पेश नगरेको | १,९७,२९८ |
|---|---|

५९ **अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम** - यो बर्ष यस कार्यक्रममा ३९ क्रियाकलाप सन्चालन गर्ने लक्ष्य रहेकोमा एक पालिका एक ओपिडि, अपाँङ्गता भएका व्यक्तिको शहकारी दर्ता र अन्तर्राष्ट्रिय अपाँङ्गता दिवस सन्चालन हुन सकेको देखिएन । विगत ३ बर्षदेखि सन्चालित रु २ करोड ९लाख ५३ हजार ३०० लागतको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा करुणा फाउण्डेशन नेपाल, सामाजिक

विकास मन्त्रालय कोशी प्रदेश र पालिका विच बरावरी साझेदारीमा सन्चालन भएकोमा यो बर्ष संझौता सम्पन्न भएको छ । यो बर्ष यस कार्यक्रममा जम्मा रु.३७,९९,९९७। खर्च भएकोमा प्रतेक साझेदारले रु.१२,६६,६६५। खर्च गर्नु पर्नेमा प्रदेश सरकारको रु.१२,४७,६१९।करुणा फाउण्डेशनको रु.८,३३,९९५।र पालिकाको रु.१७,१८,३८३।खर्च गरेको देखियो । संझौतामा तोकिएको हद भन्दा पालिकावाट रु.४,५१,७१८। बढी र प्रदेश सरकार तथा फाउण्डेशनवाट क्रमश रु.१९,०४६। र रु.४,३२,६७०। घटि सहभागिता भएको देखिएकोले पालिकाले सम्वन्धित खर्चको हिसाव मिलान गरि एकिन प्रमाण पेश गर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,०३,४३४ |

६० **मेड्पा कार्यक्रम -** गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन। सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थित अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **शिक्षकको दरबन्दी र पदपूर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विद्यालय संख्या ३१ वटा | २६४ | ० | ६८ | ९७१७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२ **संस्थागत विद्यालयको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ। पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका ३१ वटा संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन। निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन

गर्ने गरेको देखिएन। पालिकाले आफु मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **चाडपर्व खर्च**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।७ को निर्णयबाट रु.३२९०२।- सम्परीक्षण गरिएको ।)***

६४ **सार्वजनिक विधालयको शैक्षिक गुणस्तर** - नेपालको संविधानको अनुसुचि-८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार अन्तर्गत पर्ने उल्लेख छ । यसै अनुरुप स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (ज) मा स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्ने,शिक्षा सम्बन्धि निति,योजना तथा मापदण्ड बनाई विद्यालय संचालनमा सहजिकरण गर्ने तथा मापदण्ड बनाई विद्यालय संचालनमा सहजिकरण गर्ने तथा मापदण्ड पालना भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले सार्वजनिक विधालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाएको देखिएन ।नियमानुसार मापदण्ड बनाई मापदण्ड बमोजिम अनुगमन,मुल्यांकन गरि अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।साथै अनुगमन मुल्यांकनको कममा कमजोर देखिएका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५ **राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा केन्द्रबाट छनौट भएका विद्यालयको भवन निर्माण, ल्याव व्यवस्थापन अनुदान सम्बन्धी कार्यको नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात तयार गर्दा स्थानीय तहले अनुसूची ६ बमोजिम विद्यालयमा भए गरेका निर्माण कार्यको कागजातहरु २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट इन्चार्ज, विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गरी गराइ एक प्रति स्थानीय तहमा र अर्को एक प्रति विद्यालयमा राख्नु पर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र नमूना विद्यालय निर्माण अन्तर्गत स्वीकृत कार्यक्रम अनुसार अनुदान उपलव्ध गराएका देहायका बिद्यालयहरुले पूर्वाधार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पेश गरेको छैन । कार्यान्वयन पुस्तिकामा उल्लेख भएवमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु...

| सि.नं. | विद्यालय | विवरण | रकम |
|---|---|---|---|
| १ | सुगाहाट माध्यमिक विद्यालय | २ कोठे भवन | २२२२३६५.०० |
| २ | पञ्चायत माध्यमिक विद्यालय | राष्ट्रपति शैक्षिक सुधार | ५००००००.०० |
| | | जम्मा: | ७२२२३६५.०० |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. १०००००० ।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७२,२२,३६५ |

६६ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु. ३१२८५८६९०। सामाजिक सुरक्षा वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरेको छैन । कार्यालयले समाजिक सुरक्षा भत्ता पाउनेको नाम, खाता नं र परिचय पत्र तथा जन्म मिति लगायतको सम्पुर्ण विवरण अधावधिक गरी एम.आइ. एस.मा प्रविष्ट गरी सामाजिक सुरक्षा वितरणलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१ .गत वर्षको सामाजिक शुरक्षा खर्च रकम रु.२६३९७३०६९। यस वर्षको प्रथम किस्ता रु.७३३५३६८८। दोश्रो किस्ता रु.७९५७४८८३। तेश्रो किस्ता रु.७९१६२९८०। र चौथो किस्ता वापत रु.८०७६७१३९।गरी जम्मा खर्च रु.३१२८५८६९०। सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यस वर्ष बढी खर्च भएको रकम रु.४८८८५६२१। जेष्ठ नागरिकको लाभग्राही योग्य हुने उमेर गत वर्षमा ७० वर्ष रहेको यस बर्ष ६८ बर्ष कायम भएकोले साथै लाभग्रहीहरुको संख्या वृद्धि भएको कारण गत बर्षको भन्दा वढी खर्च भएको पालिकाको भनाई रहेको छ। गत वर्ष र यस वर्षको लाभग्राहिको विवरण देहायबमोजिम छनः

| संख्या | लक्षित समूह | आ. ब. २०७८।७९ | आ.ब.२०७९।८० | भत्ता दर |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | ३७९६ | ४९५० | ४००० |
| २ | जेष्ठ नागरिक दलित | ४२० | ३५३ | २६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | ८८८ | ७२३ | २६६० |
| ४ | विधुवा महिला | १०१९ | १०४२ | २६६० |
| ५ | पुर्ण अपाङ्ग क बर्ग | १९२ | २०४ | ३९९० |
| ६ | आंशिक अपाङ्ग ख बर्ग | ३०२ | ३१३ | २१२८ |
| ७ | दलित वालवालिका | ४५२ | ४५४ | ५३२ |

| | | | | |
|---|---|---|---|---|
| ८ | लोपन्मुख जाति | १२ | ४ | ३९९० |
| **जम्मा संख्या** | | ७०८१ | ८०४३ | |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **औषधी खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि पटक पटक गरी पालिका चालुबाट रु ४१२९३८०।०० र संघिय शर्शतबाट रु १८४०५८०।०० समेत जम्मा रु ५९६९९६०।०० को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिद र वितरणलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **हेभी मेशिनको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले रोलर, डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| उपभोक्ताको नाम | कामको विवरण | जम्मा भुक्तानी | प्रयोग भएको उपकरण | मेशिनमा भएको खर्च |
|---|---|---|---|---|
| जलपा देवी मन्दिर पश्चिम बाटो ग्राभेल | वाटो ग्राभेल | १५००००.०० | जे.सि.वि. | १५७२९६.०० |
| मौलीवारी सडक ग्राभेल | वाटो ग्राभेल | १००००००.०० | ग्रेडर रोलर डोजर | १०९९७०४.९३ |
| मताल होली त्रिवेणी चौक अमात टोल सडक | वाटो ग्राभेल | ९९९९७०.०० | ग्रेडर रोलर डोजर | १००३१५८.१९ |

सैद्धान्तिक बेरुजु

६९ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार नगरेको र नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेमा त्यस्तो आयोजना पहिचानगरि सो अनुसार गरेको नपाईएकोले त्यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **ठेक्का व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.००६५ देखि ३७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलगन छ ।)**

७१ **ठेक्काको अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले निर्माण व्यवसाई तथा ठेक्का अभिलेख म.ले.प.फा.न.५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख नराखेको र लेखापरीक्षण अवधिमा मात्र तयार गर्ने गरेको देखियो ।अतः स्वीकृत ढाचा अनुसार समयमै सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ७२ सोझै खरिद

७२.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.१० लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका रु.१५७२८४१२। वरावरका निर्माण तथा खरिद कार्य गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान भ्याट र कन्टेन्जेन्सी समेत | ठेक्का रकम | हाल सम्मको भुक्तानी |
|---|---|---|---|---|
| डाँसखोला तटबन्धन | कानेपोखरी वि एण्ड वि कन्ट्रक्सन प्रालि | ६७६८४९.९८ | ६५६७५६.०० | ६४८०३८.०० |
| डाँसखोला तटबन्धन | जय भवानी निर्माण सेवा | ७०२१३६.११ | ६७५८६७.१० | ५९३२१९.६० |
| बक्राखोला तटबन्धन | युनिष कन्ट्रक्सन एण्ड सप्लायर कम्पनी | २१८५०८३.२३ | २११६५५३.२८ | २१०३३५०.३६ |
| सुनझोरा पैनी मर्मत | हातेमालो कन्ट्रक्सन एण्ड सप्लायर्स | ९८८०१९.०५ | ९५६४५४.६० | ९४३४७६.७२ |
| विभिन्न स्थानमा बाटो मर्मत | हिवा निर्माण सेवा | ९३९४१४.३९ | ८९९९३२.०० | ९२०८८७.३४ |
| पूर्ण पाण्डेको घरछेउ कल्भर्ट निर्माण | रिफर्म कन्ट्रक्सन प्रा.लि. | ९९९३०८.४६ | ९६६०६३.०४ | ९९०६८८.६९ |
| शनिश्चरे बजार हाटखोल ड्रेन | आरभि ड्रिमल्याण्ड कम्पनी प्रालि | ९९८३९४.६२ | ९६६३५८.७१ | ३०५४०८.२१ |
| कसेनी तल्लोपुल निर्माण | चिनो निर्माण सेवा | ९९७५०३.९० | ९६२२७५.०० | ९८५२८८.९७ |
| नगर अस्पताल विशेषज्ञ सेवा कक्ष निर्माण | हेलिङ निर्माण सेवा | ९९९९६७.४९ | ९६९९१८.४४ | ९९५४७२.२६ |
| वडा ५ र ६को विल्डिङ पाटेशन | सिङसा इन्जिनियरिङ कन्ट्रक्सन एण्ड सप्लायर्स | ६९८५१२.५४ | ६७९३३१.८९ | ६९१३८०.९१ |

| | | | | |
|---|---|---|---|---|
| ह्युमपाईप खरिद तथा जडान ४,८,९ र १० | श्री जय श्री कन्क्रीट उद्योग प्रा.लि. | १००००००.०० | ९६१०६५.०० | ९६१०६५.०० |
| शसस्त्र प्रहरी बेस क्याम्प व्यवस्थापन | नम्रता निर्माण सेवा | ७९९९१३.४३ | ७६८६९०.६४ | ७६७६०४.५१ |
| बधशाला मर्मत तथा निर्माण | श्री युवा देश निर्माण सेवा प्रा.लि. | ४९९४९३.१४ | ४८२४३८.०० | ४९३९४५.९ |
| २ र ९ स्थीत विभिन्न पुल खण्डमा माटो फिलिङ | एन के कन्ट्रक्सन | ८६१५१४.५७ | ८५१९४२.४७ | ८४८६९७.३० |
| वडा नं. ३ को पशुअस्पताल भवनमा माटो फिलिङ | कुल देवता कन्ट्रक्सन रतुवामाई-८ | ८६१३८७.७७ | ८५०२०७.०७ | ८४५३३१.२० |
| छोटिटोल माटो फिलिङ,डाँस सागर जानेबाटो वडा नं.६ तथा बाटो मर्मत | पुर्वेली निर्माण सेवा बुढानिलकण्ठ-१२ काठमाण्डौ | ५६०३६६.९६ | ६२२१३२.६० | ६२२१३२.५७ |
| आधारभुत स्वास्थ्य केन्द्र भवन व्यवस्थापन | सिङ्सा इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स सुनवर्सी-९ | २६६६०१.३५ | २५५४६५.५६ | २५००२७.२५ |
| वडा नं.१को पूर्व बस स्टेण्ड क्षेत्रमा सडक बत्ती जडान | दुर्गा पाथिभरा विजुली पसल | १९१४७२.०० | १९१४७२.०० | १६९४४५.०० |
| सुनझोरा दोगाडे पैनी मर्मत | काविल कन्ट्रक्सन प्रालि पश-१० | ४९८१३८.६८ | ४७७८५८.६९ | ४६९८१३.४० |
| नगरपालिकाको पार्किङ क्षेत्र मा ग्राभेल गर्ने काम | रिफर्म कन्ट्रक्सन प्रालि प.श.-१ | ९७८७३.४७ | ९७८७३.४७ | ९२४७८.९१ |
| किर्तिपुर बजार पूर्ब बाटोमा ग्राभेल | हिवा निर्माण सेवा प्रा.लि पश१० | ९९२२५.१८ | ९९२२५.१८ | ९५३७५.९३ |
| वडा नं.१को पूर्व बस स्टेण्ड क्षेत्रमा ग्राभेल फिलिङ | खिर पोखरी निर्माण सेवा प्रालि कानेपोखरी-५ | २३७९८१.१६ | २२३५२८.४६ | १८४१८२.३९ |
| वडा क्षेत्रमा सडक बत्ती जडान | दुर्गा पाथिभरा विजुली पसल | १९९४०४.०० | १९१४७२.०० | १९६५५६.२० |
| प्रस्तावित रंगशाला दक्षिण सडक बत्ती | समि निर्माण सेवा कानेपोखरी-१ | ३०९८८३.५६ | २९३९९८.०० | २९००९६.२४ |

| | | | | |
|---|---|---|---|---|
| डाँस खोला गंगा सागर दाहासंस्कार गर्ने ठाउँ जानेबाटो मर्मत | हिवा निर्माण सेवा प्रा.लि | ९९१९७.६० | ९६६३२.०० | ९२८९२.०४ |
| नगरकार्यपालिका ग्राउण्ड फिलिङ | हिवा निर्माण सेवा प्रा.लि | ९९२०९.३९ | ८५५२५.३३ | ८५५२५.३३ |
| आधारभुत स्वास्थ्य केन्द्र भवन अगाडी पेवल | आरभि ड्रिमल्याणड क. | ९९७९७.३३ | ८६०३२.१८ | ८६०३२.१८ |
| **जम्माः** | | **१६९६६६४९.३६** | **१६४८५०६८.७१** | **१५७२८४१२.४१** |

सैद्धान्तिक बेरुजु

७२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त लगायतको विवरण तयार गरी आकस्मिक परिस्थितीको सामना गर्न आवश्यक परिमाण र समयावधिमा यथासम्भव प्रतिशपर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था छ । यसरी सार्वजनिक निकायले दशलाख रुपैया भन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले बक्रा खोलामा तत्काल तटवन्धन गरी थप हानी नोक्सानी तथा दुर्घटना हुनबाट जोगाउन आर्थिक वर्ष २०७९।८० को विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी हुने गरी मिति २०७९।३।१३ मा रु.२१२८५३३।४९ को लागत अनुमान स्वीकृत गरी यूनिश कन्स्ट्रक्सन एण्ड प्रा.लि. संगको सम्झौता वमोजिम रु.२१०३३५०।३६ भुक्तानी दिएको देखियो । यसरी भएको खरिद सम्झौताको सार्वजनिक सुचना प्रकाशन गरी सार्वजनिक खरिद अनुगमन कार्यालयमा जानकारी पठाएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७२.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक पटकमा रु.१० लाखसम्म लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एक पटक मात्र खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका रु.२२४५२५१। वरावरका निर्माण कार्यको खरिद गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी पालिकाहरुले एउटै फर्मबाट रु.१० लाख भन्दा बढीको सोझै खरिद गरेको अनियमित देखिएको रु....

| योजना | निर्माण व्यवसायीको नाम | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|
| विभिन्न स्थानको वाटो मर्मत | हिवा निर्माण सेवा प्रा.लि. | ९३९४१४.३९ | ८९९९३२.०० |

| | | | |
|---|---|---|---|
| किर्तिपुर बजार पूर्व बाटो ग्राभेल | हिवा निर्माण सेवा प्रा.लि. | ९९२२५.१८ | ९९२२५.१८ |
| डाँस खोला गंगा सागर दाहासंस्कार जानेवाटो | हिवा निर्माण सेवा प्रा.लि. | ९९१९७.६० | ९६६३२.०० |
| नगरपालिका ग्राउण्ड फिलिङ | हिवा निर्माण सेवा प्रा.लि. | ९९२०९.३९ | ८५५२५.३३ |
| नगरपालिकाको पार्किङ्गमा ग्राभेल | रिफर्म कन्स्ट्रक्सन प्रा.लि. | ९७८७३.४७ | ९७८७३.४७ |
| पूर्ण पाण्डेको घरछेउ कल्भर्ट निर्माण | रिफर्म कन्स्ट्रक्सन प्रा.लि. | ९९९३०८.४६ | ९६६०६३.०४ |
| **जम्माः** | | २३३४२२८.४९ | २२४५२५१.०२ |

| | |
|---|---|
| अनियमित भएको | २२,४५,२५१ |

७३ **परामर्श तथा डि पि आर खर्च**- बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरुबीच मिति २०७९/०४/२४,२५ र २९ गते भएको अन्तरक्रिया कार्यक्रम पश्चात आयोगको च.नं १७०७३ मिति २०७९।६।३० को पत्रद्धारा विभिन्न मन्त्रालय,विभाग र निकायलाई विभिन्न ३१ बुंदे सुझावको कार्यान्वयनकालागि निर्देशन गरेको छ ।जस मध्ये सुझावको बुंदा नं १० मा . विभिन्न अध्ययन तथा डिजाइनको नाममा परामर्शदाता मार्फत हुने खर्चको औचित्य पुष्टि हुनुपर्ने, अति आवश्यक अवस्थामा मात्र परामर्शदाता मार्फत त्यस्ता कार्य गर्ने व्यवस्था मिलाउनुपर्ने र त्यसप्रकारका प्रतिवेदन यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने साथै कार्यान्वयन हुन सम्भव नभएको अवस्थामा अधिकार प्राप्त अधिकारीमार्फत प्रमाणित गराई व्यवस्थित रुपमा अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने, उल्लेख भएकोमा पालिकाले गत बर्ष रु १३ लाख ७१ हजार खर्चगरि तयार भएका रु ३० करोड ८२ लाख ८८ हजारको २ आयोजनाहरु र यो बर्ष रु१९ लाखमा ५२ हजारमा तयार गरेको रु १अर्व ७५ करोड ७० लाख ४ हजार लागतका वडा न १० को भवन निर्माण लगायतका दुई आयजना कार्यान्वयनमा लगेको नदेखीएकोले यसमा भएको खर्च सदुपयोग भएको देखिएन ।पालिकामा प्राविधिक जनसक्ती हुँदा हुदै पनि कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउने रस्वीकृत डिपिआरको कार्यान्वयनमा पालिकाको सक्रिय पहल हुनु पर्दछ ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| गत वर्षको | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. १० रङ्गशाला निर्माण | वाइनेरी ईन्जिनियरिङ्ग सोलुसन | १२०१ | ११७० | २८३४७१ | नभएको |
| २ | बुद्धमार्गको पथरी खोला मुसरघट्टामा पुल निर्माण | फार साईट इन्जिनियरिङ सर्भिसेस प्रा.लि. | - | १७८२ | ९१४६८ | कार्यान्वयनको अवस्थामा रहेको |
| ३ | पर्यटन विकास वडा नं. ४ | विदुसा इन्जिनियरिङ कन्सल्टेन्सी | १७० | १६२ | २४८१७ | नभएको |
| यो बर्षको | | | | | | |
| १ | भुउपयोग योजना | पिकासो कन्सलटेन्ट प्रा.लि. | २००० | १८८३ | ० | भएको |
| २ | सडक नगर गुरुयोजना | ग्लोबर इन्फोमेसन सर्भे एण्ड म्यापिङ कन्सर्न प्रा.लि. | १००० | ९९३ | ९९९ | सम्पन्न नभएको |
| ३ | वडा नं ०१ प्रशासनिक भवन | जि पि एस टेक्नोलोजिस प्रा.लि. | १००० | ९९६ | ३५९३६ | बजेट विनियोजन नभएको |
| ४ | नगरका चारवटा बाटोको डिपिआर ( (वडा नं १० पशुपतिनगर हुदै दोहलु शुक्रबारे जाने सडक) , ( वार्ड नं ०२ सेल्फि रोड हुदै आईतबारे जाने सडक) ,( मदन कृषी मार्ग) , ( हस्पिटल दक्षीण मिलन चौक बिष्णु चौक , लामाटोलि सडक)) | अघोर कन्स्ट्रक्शन एण्ड ईन्जिनियरिङ कन्सल्टेन्शी | १००० | ९५६ | १७२१०६८ | बजेट विनियोजन नभएको |

सैद्धान्तिक बेरुजु

७४ **ठेक्का सम्झौता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१(१) र नियमावली, २०६४ को नियम १४६(३) मा वोलपत्रमा पर्याप्त प्रतिश्पर्धा गराउन विद्युतिय सञ्चार माध्यम (e-Bidding) मार्फत वोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यस्तै गरी दफा २६(६) मा कुनै वोलपत्रदाताले आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलोमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप वोलपत्र रद्ध गर्न सकिने व्यवस्था समेत रहेको छ । पालिकावाट लगाएको ठेक्का मध्ये केही ठेक्का फाइल परिक्षण गर्दा लागत अनुमानकै हाराहारीमा निर्माण व्यवसायीबाट ठेक्का कवोल गरी सोही आधारमा सम्झौता गरेको देखियो । पालिकामा अधिकांश खरिद विद्युतीय सञ्चार माध्यम (e-Bidding) वाट भएकोमा केही खरिद सम्झौताहरु भने सिलवन्दी वोलपत्रको माध्यमबाट भएको

र त्यस्ता खरिद कार्यमा सिमीत प्रतिश्पर्धा भएको देखिन्छ । खरिद कार्य गर्दा प्रतिश्पर्धा सिमीत नहुने गरी मितव्ययिता र गुणस्तर कायम गरेर खरिद सम्झौता गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले लामाटोल सामुदायिक भवन निर्माण उपभोक्ता समितिलाई सम्झौता भन्दा वढी भुक्तानी दिएको देखियो । कुल लागत अनुमान रु.११८१३०३।९९ मा कन्टिन्जेन्सी रु.३४१२५। घटाई रु.११४७१७८।९९ को कार्यदिश दिएकोमा रु.११४०८१८।३२ वरावरको मात्र कार्यसम्पन्न भएको अवस्थामा कार्यदिश दिएको रकम रु.११४७१७८।९९ नै भुक्तानी दिएको देखिएकोले रु.६३६०।६७ वढी भुक्तानी भएको छ । वास्तविक कार्यसम्पादन भन्दा वढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | ६,३६१ |
|---|---|

७६ **ट्याक कोट** - भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धी नर्म्स Standard specification for Roads and Bridge works २०७३ (With Amendment २०७५) अनुसार कालोपत्रे सम्बन्धी काम गराउदा Bituminous surface मा ट्याक कोट परिमाण प्रति वर्ग मिटर ०.४ देखि ०.६ लिटरका दरले औषतमा ०.५ लिटर खपत हुने उल्लेख छ । पालिकाले विभिन्न योजनाहरुमा उक्त आइटमको नर्म्स अनुसार दैनिक २ पटक Tray Test गरेको रिपोर्ट बेगर प्रति वर्ग मिटर वढी दरले भुक्तानी गरेको देखियो । यसरी नर्म्स भन्दा वढी परिमाण राखि सोही वमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु...

| योजनाको नाम | निर्माण व्यवसायी | क्षेत्रफल (व.मि.) | वढी विटुमिन (लि.) | दर मु.अ.कर समेत | वढी भुक्तानी मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| शहिद रत्न मार्ग | वि एण्ड वि निर्माण सेवा | ५९७९.५० | ५९७.९५ | १४६.९० | ८७८३८.८५ |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. १७२८६२।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ८७,८३९ |
|---|---|

७७ **पूँजीगत शिर्षकबाट चालुमा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा वजेटको सीमा नाघी खर्च गर्न नहुने व्यवस्था छ । त्यस्तै एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ (दोश्रो परिमार्जन) मा पूँजीगत शिर्षकमा विनियोजन भएको वजेटबाट चालु प्रकृतिको खर्च नपाइने उल्लेख छ । पालिकाले पूँजीगत तर्फ कला साहित्य शिर्षकमा विनियोजन गरेको रु.८ लाखवाट मिति २०८० बैशाख २४ देखि ३० सम्म सञ्चालन भएको पथरी बाल साहित्य महोत्सव २०८० को खर्च भुक्तानी गरेको देखियो । महोत्सवमा हुने सञ्चालन खर्च पूँजीगत शिर्षकबाट गर्दा पालिकाको पुँजीगत खर्च वढी देखिए तापनि विकास निर्माण लगायतका कार्यमा प्रभाव पर्ने देखिन्छ ।

पूँजीगत शिर्षकमा विनियोजन भएको वजेटबाट सोही प्रकृतिको काममा खर्च गरी पालिकाको विकास निर्माण गर्नुपर्दछ । यसरी पूँजीगत शिर्षकमा विनियोजन भएको वजेटबाट चालु प्रकृतिको कार्य गरेको अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ७,७०,२५० |

७८ **पूँजीगत शिर्षकबाट शिक्षकलाई तलव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता वापत शसर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका आधारभूत तह नमूना विद्यालय व्यवस्थापन, अंग्रेजी माध्यमका कक्षाहरु सञ्चालन लगायतमा पूँजीगत तर्फ विनियोजन भएको वजेटबाट शिक्षकलाई तलव दिएको पाइयो । यस प्रकारको खर्चले पालिकालाई थप व्ययभार वढ्दै जाने भएकोले दिर्घकालिन समाधान गर्ने तर्फ ध्यान दिनु पर्दछ । पूँजीगत शिर्षकवाट निम्न विद्यालयहरुमा शिक्षकलाई तलव दिएको अनियमित देखिएको रु...

| भौ.नं. | विद्यालय | वापत | रकम |
|---|---|---|---|
| ६५- २०७९।६।३१ | दुर्गा आ वि | नमुना विद्यालय व्यवस्थापन शिक्षक तलव | ३०००००.०० |
| ६६- २०७९।७।२ | दुर्गा आ वि | अंग्रेजी शिक्षक भर्ना | ३०००००.०० |
| १९५- २०७९।१०।९ | बुद्ध मा वि | पठन पाठन क्रमागत | ३०००००.०० |
| ४५९- २०८०।१।३१ | शिक्षा सदन आ वि | निजी शिक्षक भर्ना | २६००००.०० |
| | **जम्माः** | | **११६००००.००** |

| | |
|---|---|
| अनियमित भएको | ११,६०,००० |

७९ **अन्य निकायको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वयं सञ्चालित संस्थाहरुलाई सञ्चालन खर्च अनुदान स्वरुप रकम उपलब्ध गराउन मिल्ने आधार देखिँदैन । पालिकाले विभिन्न सरकारी कार्यालयहरुलाई नगरसभा कार्यक्रममा उल्लेख गरी पूर्वाधार निर्माण तथा व्यवस्थापन भनि सहयोग गरेको पाईयो । यसरी पालिकाले अधिकार क्षेत्र भन्दा वाहिरको निकायहरुको भौतिक पूर्वाधार लगायतको निर्माण गर्ने कुनै कानूनी आधार देखिएन । पालिकाले देहाय वमोजिमको आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका निकायको समेत खर्च गरेको सम्वन्धमा छलफल हुँदा पालिकाको शान्ति सुरक्षा गर्ने निकायहरुको कार्यालय सञ्चालन अवस्था नाजुक रहेको र सहयोगको माग भई आएकोले पालिकाले यसमा सहयोग गरेको भनाई रहेको छ । यस प्रकारको निर्माण लगायतको कामहरुमा दोहोरो नपरेको यकिन गरेर मात्र पालिकाले सहयोग उपलव्ध गर्नु पर्दछ ।

| भौ.नं./मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ८ र ३०-२०७९।५।७ | कुशल चौक प्रहरी चौकी वडा नः ४ निर्माण | हातेमालो कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३७१७१९.३२ |
| २७८-२०७९।११।१६ | इलाका प्रहरी कार्यालय पथरी भवन निर्माण | भवन निर्माण उपभोक्ता समिति | १००००००.०० |
| २९७-२०७९।११।१९ | शसस्त्र प्रहरी वेस क्याम्प शनिश्चरे व्यवस्थापन | नम्रता निर्माण सेवा | ७६७६०४.०० |
| १४१५-२०८०।१।२८ | इलाका प्रहरी कार्यालय पथरी | कृष्ण मोटर स्पेयर एण्ड रिपेयरिङ्ग | १०००००.०० |
| १५९९-२०८०।२।२६ | शसस्त्र प्रहरी वेस क्याम्प शनिश्चरे | शसस्त्र प्रहरी वेस क्याम्प शनिश्चरे | ४००००.०० |
| | **जम्माः** | | **३२७९३२३.३२** |

सैद्धान्तिक बेरुजु

८० **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ पालिकाले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ८० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८१ **प्राविधिक मुल्यांकन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने

व्यवस्था छ । पालिकाले निम्नानुसारको ह्यूम पाइप खरिद गरेको देखिएकोमा सोको उपयोग तथा जडान भएको नापी किताव पेश भएन । उक्त सामग्रीको नापी किताव पेश गर्नुपर्ने रु...

| भौ.नं./मिति | पार्टीको नाम | रकम |
|---|---|---|
| २४५- २०७९।१०।२९ | जय श्री कंक्रिट उद्योग प्रा लि | ९६१०६५.०० |
| ५१७- २०८०।२।२४ | सगरमाथा ह्यूम पाइप इन्डष्ट्रिज | ९६१६४०.०० |
| ६०३- २०८०।३।१९ | एम के इन्डष्ट्रिज प्रा लि | ९२६२६१.०० |
| | जम्माः | २८४८९६६.०० |

| प्रमाण पेश नगरेको | २८,४८,९६६ |
|---|---|

८२ **कार्यसम्पादन जमानत**

✍ ***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४७५६०।- सम्परीक्षण गरिएको ।)***

८३ **सुरक्षित नागरिक आवास**

८३.१ सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ उपदफा ७ र ८ अनुसार सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ता बापत सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि साठी प्रतिशत रकम उपलब्ध गराइने र दफा ८ मा निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने उल्लेख छ । यस पालिका अन्तर्गत आर्थिक बर्ष ०७९।०८० कोलागि स्वीकृत कोटा २४८ रहेकोमा १९५ लाभग्राहीसँग१करोड ४६ लाख २५ हजारको अनुदान सम्झौता गरेको पाईयो भने ५३ घरधरीसंग हालसम्म संझौता गरेको देखिएन । यसरी संझौता गरेका १९५ लाभग्राहीले पहिलो किस्ता वापत रु ८७ लाख ७५ हजार भुक्तानी लिएकोमा लेखापरीक्षण अवधि २०८०।८।१८ सम्म कसैले पनि कार्य सम्पन्न गरि दोश्रो किस्ता भुक्तानी लिएको देखिएन । कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने समेत व्यवस्था भएकोले कार्य सम्पन्न भए नभएकोमा कार्यविधिको व्यवस्था अनुसार पहिलो किस्ता लिएका १९५ लाभग्राहिको रु.८७ लाख ७५ हजारको आवस्यक अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु..

| प्रमाण पेश नगरेको | ८७,७५,००० |
|---|---|

८३.२ **भुक्तानी**

✍ ***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।७ को निर्णयबाट रु.७१०००।- सम्परीक्षण गरिएको ।)***

## ८४ फस्यौंट नभएका आन्तरिक लेखापरीक्षणका व्यहोराहरु

८४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (८) अनुसार कार्यालयले फस्यौंट गरि सम्परीक्षण नगराएका निम्न व्यहोराहरु उपदफा ९ अनुसार यस प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा औंल्याए अनुसार आवस्यक कारवाहि गरि सो को प्रमाण पेश हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४.२ **नर्म्स विपरित भुक्तानी -** गौ.भौ नं १८५५ अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसंचालन निर्देशिका २०७७ बमोजिम कार्यपत्र वापतको रकम मात्र पाउने व्यवस्था छ भने जतिसुकै दिनको तालिम भएपनि प्रतिवेदन लेखन कार्य वापत रु.३००० भन्दा बढी नपाउने व्यवस्था छ। नेपाल आदिवासी जनजाति महासंघ पथरी मोरङ्गले कार्यक्रम गरेको दुई वटा कार्यक्रम को लागि रु.२६०००० को कार्यक्रम संचालन गर्दा handsout print वापत भन्दै रु.४५५० र अर्को कार्यक्रममा रु.४५५० गरी जम्मा रु.९१०० को बिल पेश गरेको यसरी नियम विपरित भुक्तानी गरेको रकमको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१०० |

८४.३ **अनुदानको अनुगमन -** स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन,मापदण्ड,कार्यविधी बनाई सोही अनुसार खर्च गर्नुपर्ने व्वयस्था छ।खर्च गरिएको रकमको सदुपयोग भएनभएको एकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ।तसर्थ अनुगमन कार्यलाई प्रभावकारी बनाई संघीय,प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्राहीको जिवनस्तरमा सुधार आए नआएको एकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४.४ **संचयकोष सुविधा**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.८१७७९।- सम्परीक्षण गरिएको ।)***

८४.५ **सोझै खरिद -** गो भौ नं ८७४ सार्वजनिक खरिद नियमावलीको नियम ८५(४) मा सार्वजनिक निकायले रु.१ लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा तिनवटा आपुर्तिकर्ता,निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायक लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने उल्लेख छ ।तर वडा नं. ०२ खेलकुद शिर्षकबाट माउन्ट एभरेष्ट स्पोर्टस एण्ड इभेन्टस क्लब लाई उल्लेखित कानुनी प्रकृया पुरा नगरी खेलकुद सामग्री खरिद वापत ३,००,०००। भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु ..

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

८४.६ **खरिद योजना -** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्न भनिएको छ तर नगरपालिकाले वार्षिक खरिद योजना बिना नै खरिद गरेकोले आगामी दिनमा कार्यालयले आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा ने आर्थिक वर्षमा वार्षिक खरिद योजना तयार गरी खरिद कार्यलाई चुस्तदुरुस्त, पारदर्शि एवम कम खर्चिलो बनाउन ध्यान दिन जरुरी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८४.७ **आर्थिक सहायता -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकम बाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् सस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। पालिकाले यस वर्ष आर्थिक सहायता खर्च शीर्षकबाट रु.२९ लाख ३४ हजार ४ सय ५० रुपैया खर्च गरेको छ। नगरपालिकाले आर्थिक सहायता सम्बन्धि तयार गरेको कार्यविधिको परिधि भित्र रहेर आवश्यक प्रमाण खुल्ने कागजात सहित वास्तविक लाभग्राहीको पहिचान गरेर मात्र यस्तो खर्च लेख्ने कार्य गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८४.८ **नर्म्स भन्दा बढी भुक्तानी -** गौ.भौ नं १३२८ कार्यपत्रको पारिश्रमिक मध्ये कार्यपत्र वापतको रकम मात्र पाउने व्यवस्था छ भने जतिसुकै दिनको तालिम भएपनि प्रतिवेदन लेखन कार्य वापत रु.३००० भन्दा बढी नपाउने व्यवस्था छ। तर फ्रेन्डसिप चेस क्लबले सहिद रत्न कुमार वान्तवा दोस्रो राष्ट्रिय खुल्ला रेटिङ्ग बुद्धी चाल प्रतियोगिता २०७९ मा प्रतिवेदन लेखेवापत निम्न बमोजिम भुक्तानी गरेकोले बढी रकम असुल गर्नुपर्ने रु...

| व्यक्तिको नाम | भुक्तानी भएको रकम | असुल गर्नु पर्ने रकम |
|---|---|---|
| अर्जुन राई | ७५०० | ३८३५ |
| लोकसागर साम्बा | ७५०० | ३८२५ |

| असुल गर्नुपर्ने | ६,७५० |
|---|---|

८४.९ पारिश्रमिक कर कट्टी नभएको - गौ.भौ नं १५४० बाट युवा तथा खेलकुद विकास कार्यक्रम बाट माउन्ट एभरेष्ट स्पोर्टस एण्ड एभेन्टसले वरिष्ठ व्यावसायिक तालिम संचालन गर्दा प्रशिक्षक रोनाल्ड लिम्बु लाई प्रशिक्षण गरे वापत ३० दिनको रु.८४,०००.०० पारिश्रमिक भुक्तानी गरेको तर १५% रु.१२६००.०० र कट्टी नगरेकोले सम्बन्धित व्यक्तिबाट उक्त रकम असुल गरी दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | १२,६०० |
|---|---|

८४.१० **नर्म्स विपरित भुक्तानी**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।७ को निर्णयबाट रु.१०२०।- सम्परीक्षण गरिएको ।)***

८४.११ **कार्य सम्पन्न प्रतिवेदन -** न.पा पुजिगत गो.भौ नं ४७४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)को (ख)मा बिल बिजकको भुकतानी गर्दा प्राविधिक नाप जाचँ गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले वडा नं.२ को नगर अस्पताल मार्ग सडक खण्डमा बाटो विस्तार कार्यका लागि नेपाल विधुत प्राधिकरण उर्लाबारी शाखाको धरौटी खातामा रकम जम्मा गरेकोमा उक्त कार्यको प्राविधिकबाट मुल्यांकन तथा नापँजाच भएको देखिएन। विधुत प्राधिकरणले तयार गरेको लागत अनुमानको आधारमा भुक्तानी दिएको रकमको प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,१७१ |

८४.१२ **आर्थिक सहयोग -** मिति २०७९।०६।३० को गौ.भौ.नं. ३२४ मा कुशल बजार पशु तथा कृषि उपज बजार व्यवस्थापन समितिलाई दुर्गा पुजा को लागि रु २००००। आर्थिक सहयोग वापत रकम भुक्तानी दिएको त्यसै गरी मिति २०७९।०६।३१ को गौ.भौ.नं.३३६ मा पुनः उक्त समितिलाई तिज बिशेप कार्यक्रम का लागि भनि रु.२००००। रकम भुक्तानी गरेको पाईयो । यसरी एउटै आर्थिक वर्षमा एउटै संस्थालाई पटक पटक भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ४०,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : पथरी शनिश्चरे नगरपालिका, मोरङ , पथरी शनिस्चरे नगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shashi Rai | २०८०-४-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Pitamber Wasti | २०७८-२-३१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६४०,०५८.४ | २३,६९९,७७६ | ३७,४७८,५१८ | ० | ० | ३,४२८,८१२ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६५,२४७,१६४.४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १६,३५७,०८६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १७,२९६ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४८,९०७,३७४.४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २०५९०३३५३.३६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८२४८२५४३.४४ | **चालु खर्च** | ४५५६४२४७३.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | २४६४८१७२.५ | **पूँजीगत खर्च** | २३९२८६८१०.५४ |
| **राजश्व बाँडफाँट** | १०४४०४५१०.६६ | **वित्तीय/अन्य व्यवस्था** | १६१२१२१४.८ |
| **आन्तरिक आय** | ५७१८७७५१.३५ | | |
| **अन्य आय** | १००६३९८० | | |
| **कुल आय** | ६७८७८६९५७.९५ | **कुल खर्च** | ७११०५०४९८.७७ |
| **बाँकी मौज्दात** | | १७३६३९८१२.५४ | |

| प्रासी भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ८६,८३,६४,७६८.८८ | ६९,४०,००,६५२.९९ | | ६९,४०,००,६५२.९९ | ७५,७१,६०,७७८.९८ | | ७५,७१,६०,७७८.९८ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ८३,३५,२६,८४३.०० | ६७,३६,०९,२२३.९५ | ० | ६७,३६,०९,२२३.९५ | ७२,८९,५८,३९३.८४ | ० | ७२,८९,५८,३९३.८४ |
| ११००० कर | ११ | १०,३७,७९,८४४.०० | १३,७०,९५,३९५.६४ | ० | १३,७०,९५,३९५.६४ | १७,२४,५९,०७०.९० | ० | १७,२४,५९,०७०.९० |
| १३००० अनुदान | | ५६,३३,०२,९८०.०० | ५१,११,५०,४१५.९४ | ० | ५१,११,५०,४१५.९४ | ५१,९८,४८,७१३.६४ | ० | ५१,९८,४८,७१३.६४ |
| संघीय सरकार | १२ | ५२,६०,२०,०५५.०० | ४८,२२,०३,३७३.४४ | ० | ४८,२२,०३,३७३.४४ | ४७,८१,६३,२६३.६४ | ० | ४७,८१,६३,२६३.६४ |
| प्रदेश सरकार | १२ | ३,२२,२२,०००.०० | २,४६,४५,७९२.५० | ० | २,४६,४५,७९२.५० | ३,५०,३५,५५४.०० | ० | ३,५०,३५,५५४.०० |
| अन्तरिक श्रोत | | ५०,६०,९२५.०० | ४३,०१,२५०.०० | ० | ४३,०१,२५०.०० | ६६,४९,८९६.०० | ० | ६६,४९,८९६.०० |
| १४००० अन्य राजस्व | | १,९३,९०,०००.०० | २,४४,९६,८६६.३७ | ० | २,४४,९६,८६६.३७ | ३,३४,९७,९५९.३० | ० | ३,३४,९७,९५९.३० |
| १५००० विविध प्रासि | | २५,००,०००.०० | ८,६६,५४६.०० | ० | ८,६६,५४६.०० | ३१,५२,६५०.०० | ० | ३१,५२,६५०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १४,४५,५४,०१९.०० | ० | ० | ० | ० | ० | ० |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| ख. अन्य प्राप्ति | | ३,४८,३७,९२५.८८ | २,०३,९१,४२९.०४ | | २,०३,९१,४२९.०४ | २,८२,०२,३८५.१४ | | २,८२,०२,३८५.१४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३,४८,३७,९२५.८८ | १,०३,२७,४५३.०० | ० | १,०३,२७,४५३.०० | १,६८,५०,०६०.०० | ० | १,६८,५०,०६०.०० |
| धरौटी | | ० | १,००,६३,९७६.०४ | ० | १,००,६३,९७६.०४ | १,१३,५२,३२५.१४ | ० | १,१३,५२,३२५.१४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८६,८३,६४,७६८.८८ | ७२,११,७०,३४४.८१ | | ७२,११,७०,३४४.८१ | ७९,१८,५१,३०७.७४ | | ७९,१८,५१,३०७.७४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८३,३५,२६,८४३.०० | ६९,४९,२९,२८३.९७ | | ६९,४९,२९,२८३.९७ | ७६,२०,८०,४७९.५५ | | ७६,२०,८०,४७९.५५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २७,६१,४०,५३४.०० | २५,६५,२२,६३३.४३ | ० | २५,६५,२२,६३३.४३ | २३,१७,४३,७०६.०१ | ० | २३,१७,४३,७०६.०१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २१,०७,२९,०६०.०० | १७,६५,५१,८२८.०० | ० | १७,६५,५१,८२८.०० | १६,५३,९८,७७२.७२ | ० | १६,५३,९८,७७२.७२ |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| २५००० सहायता (Subsidy) | १८ | ५६,५५,०००.०० | ४२,६५,७४८.०० | ० | ४२,६५,७४८.०० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ४७,५६,०००.०० | ४५,०६,०००.०० | ० | ४५,०६,०००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६९,३०,०००.०० | ६०,९७,२६०.०० | ० | ६०,९७,२६०.०० | २,५०,०००.०० | ० | २,५०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ८४,००,०००.०० | ७६,९९,००४.०० | ० | ७६,९९,००४.०० | ५,४९,७३,५८०.५८ | ० | ५,४९,७३,५८०.५८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३२,०९,१६,२४९.०० | २३,९२,८६,८१०.५४ | ० | २३,९२,८६,८१०.५४ | ३०,९७,१४,४२०.२४ | ० | ३०,९७,१४,४२०.२४ |
| घ. अन्य भूक्तानी | | ३,४८,३७,९२५.८८ | २,६२,४१,०६०.८४ | | २,६२,४१,०६०.८४ | ७९,१८,५१,३०७.७४ | | ७९,१८,५१,३०७.७४ |
| कोषहरु | | ३,४८,३७,९२५.८८ | २,२६,१२,२४१.८१ | ० | २,२६,१२,२४१.८१ | २,२७,५७,१३१.०० | ० | २,२७,५७,१३१.०० |
| धरौटी | | ० | ५५,७२,८२६.४७ | ० | ५५,७२,८२६.४७ | ७०,१३,६९७.१९ | ० | ७०,१३,६९७.१९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१९,४४,००७.४४) | | (१९,४४,००७.४४) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (२,७१,६९,६९१.८२) | | (२,७१,६९,६९१.८२) | (३,४६,९०,५२८.७६) | | (३,४६,९०,५२८.७६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २०,५९,०३,३५३.३६ | | २०,५९,०३,३५३.३६ | २१,५०,०१,९१५.८९ | | २१,५०,०१,९१५.८९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १७,८७,३३,६६१.५४ | | १७,८७,३३,६६१.५४ | १८,०३,११,३८७.१३ | | १८,०३,११,३८७.१३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १७,३३,५८,२६२.५४ | | १७,३३,५८,२६२.५४ | १७,७७,८९,१६२.४७ | | १७,७७,८९,१६२.४७ |

**बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| जिल्ला : मोरङ गा.पा/न.पा. : पथरी शनिश्चरे आर्थिक वर्ष : २०७९/८० अवधिको किसिम : त्रैमासिक किस्ता : चौथौ | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | लोपन्मुख जाति | | जम्मा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | ५९६ | ७०४८१०४ | ३४ | २६०६८० | १०७ | ८४८३६८ | १९८ | १५६९४०० | ३४ | ४०६९८० | ४० | २५५३६० | ४१ | ६२७८५ | ० | ० | १०५० | १०४५१६७७ |
| छुट | ० | ० | ० | ० | ० | ० | ३ | २१२८० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | २१२८० |
| २ | ५२२ | ६२२९८०० | ३८ | २९७९२० | ६३ | ५०००८० | ९४ | ७५०१२० | २६ | ३११२२० | ३४ | २१७०५६ | ५१ | ७६८४४ | ० | ० | ८२८ | ८३८३०४० |
| ३ | ५५४ | ६५७९२९१ | ४२ | ३३२५०० | ८९ | ७१०२२० | ८४ | ६६७६६० | १८ | २१५४६० | ४६ | २९१५३६ | ६३ | ९३६८३ | ० | ० | ८९६ | ८८९०३५० |
| छुट | ० | ० | ० | ० | ० | ० | १ | ७९८० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ७९८० |
| ४ | ६०२ | ७१५६२६८ | ९१ | ७१८२०० | ९४ | ७५०१२० | १११ | ८६९८२० | २३ | २७५३१० | २७ | १६८११२ | ११४ | १७९०२७ | ० | ० | १०६२ | १०११६८५७ |
| ५ | ४४७ | ५३२२६६० | १५ | ११७०४० | ४८ | ३८३०४० | ७८ | ६१७१२० | २३ | २६३३४० | २७ | १७२३६८ | १६ | २५५३६ | ० | ० | ६५४ | ६९०११०४ |
| ६ | ४६६ | ५५३३३२० | २५ | १९९५०० | ७४ | ५७१९०० | १०४ | ८२४६०० | १५ | १७९५५० | ३८ | २४२५९२ | ३४ | ५३२०० | ० | ० | ७५६ | ७६०४६६२ |
| ७ | ३७५ | ४४९०६६० | २५ | १९६८४० | ५४ | ४२८२६० | ६९ | ५५०६२० | ६ | ७१८२० | २० | १२१२९६ | २८ | ४२०२८ | ० | ० | ५७७ | ५९०१५२४ |
| ८ | ४१८ | ४९८२५०० | ३५ | २७९३०० | ५२ | ४०९६४० | ८७ | ६९१६०० | २२ | २६३३४० | १५ | ९५७६० | ४३ | ६७०७८ | ० | ० | ६७२ | ६७८९२१८ |
| छुट | ० | ० | ० | ० | १ | ७९८० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ७९८० |
| ९ | ४९७ | ५८७८६२५ | १९ | १५१६२० | ७१ | ५६६५८० | ९१ | ७१८२०० | १८ | २११७३६ | २० | १२७६८० | २३ | ३६६०५ | ० | ० | ७३९ | ७६९१०४६ |

| जिल्ला : मोरङ गा.पा/न.पा. : पथरी शनिश्चरे आर्थिक वर्ष : २०७९/८० अबधिको किसिम : त्रैमासिक किस्ता : चौथौ | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | लोपन्मुख जाति | | जम्मा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १० | ४७३ | ५६३२००० | २९ | २२६१०० | ७० | ५४५३०० | १२२ | ९६२९२० | १९ | २२७४३० | ४६ | २९३६६४ | ४१ | ६५१२७ | ४ | ४७८८० | ८०४ | ८०००४२१ |
| hDdf | ४९५० | ५८८५३२२८ | ३५३ | २७७९७०० | ७२३ | ५७२१४८८ | १०४२ | ८२५१३२० | २०४ | २४२६१८६ | ३१३ | १९८५४२४ | ४५४ | ७०१९१३ | ४ | ४७८८० | ८०४३ | ८०७६७१३९ |

बेरूजु दफा ७० सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | ठेक्का नं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान रु | सम्झौता रकम रु | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | PSMUN/NCB/WORKS/२०७९-८०-०३ | दोहजु शुक्रबारे मार्ग कालोपत्रे निर्माण | कानेपोखरी वि.एण्ड.वि. कन्स्ट्रक्सन, कानेपोखरी-५ मोरङ | ९०३५८७६ | ७१३६०२९ | २१ |
| २ | PSMUN/NCB/WORKS/२०७९-८०-०२ | रजतजयन्ती मार्ग कालोपत्रे निर्माण २०७९।०८० | कानेपोखरी B & B कन्स्ट्रक्सन प्रा.लि. , | ६९९९९६७ | ५२४९५७९ | २५ |
| ३ | PSMUN/NCB/WORKS/२०७९-८०-०१ | बुद्ध मार्ग कालोपत्रे निर्माण | कानेपोखरी B & B कन्स्ट्रक्सन प्रा.लि. , | १०६२९६५७ | ७९२३७४० | २५ |
| ४ | PSMUN/SQ/WORKS/२०७९/८०-०२ | राम न्यौपानेको घर दक्षिबाट गुराँस चोक देखि वडा नं. ८ र ९ को सिमाना बाटो स्तरोन्नती | इन्द्रेणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. , बेलबारी १० | १२८७८९७ | १०६८८०२ | १७ |
| ५ | PSMUN/SQ/WORKS/२०७९/८०-०१ | हंसराजको घर हुँदै वन तर्फ जाने बाटो स्तरोन्नती | इन्द्रेणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. , बेलबारी ११ | १०३११३८ | ९११०५७ | ११ |

| क्र.सं. | ठेक्का नं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान रु | सम्झौता रकम रु | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६ | PSMUN/EGP/WORKS/२०७९/८०-०५ | पुलचोकबाट दक्षिण शिरिसे डाँडा हुँदैभातेगौडा जाने सडक स्तरोन्नती | बुढाथोकी निर्माण सेवा, रतुवामाई ५ | ४४९९१७२ | ४३५७७७७ | ३ |
| ७ | PSMUN/EGP/WORKS/२०७९/८०-०४ | वडा नं. १० त्रिवेणी चोक हुँदै वडा नं. ९ तर्फ जानेबाटो स्तरोन्नती | जय भवानी निर्माण सेवा, पथरी शनिश्चरे-१० | ४३८३६९८ | ४३५४७८० | ०.०१ |
| ८ | PSMUN/NCB/WORKS/२०७९-८०-०६ | शहिद रत्न मार्ग (कृषि डाँस सडक) | वि एन सि कन्स्ट्रक्सन प्रा.लि. , प.श.न.पा.१ | ५१९८६३८ | ४०९५१९७ | २१ |
| ९ | EGP/NCB/२०७७/०७८/१६ | हरियाली पर्क निर्माण | World wide-Joshi Shivalaya J.V.,Buddha Nagar , Kathmandu | ४१६००००० | ३५५७९९१४ | १४ |
| १० | EGP/NCB/२०७७/०७८/०९ | नगर अस्पताल भवन निर्माण | खुस्वु निर्माण सेवा प्रालि. विराटनगर | १९०४७१७७३ | १२१०६८४०७ | ३६ |
| ११ | EGP/NCB/२०७८/०७९/०९ | पथरी खोला मुसरघट्टामा पुल निर्माण | रायमाझी खुस्वु लुम्विनी जे.भि., विराटनगर-५ | ७६०१९५५९ | ४७६४४१२० | ३७ |

**बेरूजु दफा ८० सँग सम्बन्धित विवरण - अनुसूची -६**

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १६-२०७८।७९ | हरियाली पार्क निर्माण | २०७८।५।१६ | ३५५७९९१४.७७ | २०७८।११।२० | १९१४९८३४.८० | २०८०।९।३० | १६८.४८ |

**संपरीक्षणबाट थप भएको बेरूजू**

१. **संचयकोष सुविधा** - स्थानीय सरकारले कानुन बनाउदा संघीय तथा प्रदेश कानुनसंग नबाझिने गरि बनाउनु पर्दछ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) म स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने,दफा ८६(२) बमोजिम संघीय कानुनको अधिनमा रही स्थानीय सेवाको गठन संचालन तथा व्यव्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हने व्ववस्था छ । नेपाल सरकार मन्त्रीपरिषदको निर्णय ०७४।०१।२१ को निर्णय अनुसार कार्यालयको स्वीकृत दरबन्दीभित्र करारमा रहेका कर्मचारी हरुलाई प्रदान गरिने सुविधा सम्बन्धी व्यवस्थामा करार सम्झौता अनुसारको एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्च र चैत्र महिनामा पोशाक भत्ता बाहेक तथा अर्थ मन्त्रालयको २०७९।१।१५ को निर्णय अनुसार करार कर्मचारीलाई महङ्गी भत्ता समेत नपाउने अनुरोध पत्र सबैमा जारी गरीएको बाहेक अन्य कुनै किसिमको सुविधा पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले कर्मचारी व्वस्थापन(सेवा शर्त सम्बन्धी ऐन) २०७७ बनाई अस्थायी तथा करार कर्मचारीको मासिक तलब बाट आधारभुत तलबको १०% रकम कट्टा गरि सोही बराबरको रकम कार्यालयले थप गरी संचयकोषमा जम्मा गर्ने गरेको पाईयो। यसरी नियम विपरित भुक्तानी गरिएको थप १०% रकम असुल गरि संचितकोषमा दाखिला गर्नुपर्ने रु...

| कर्मचारीको नाम | पद | तलब | तलबबाट कट्टी १० प्रतिशत | पालिकाबाट थप १० प्रतिशत | आठ महिना भुक्तानी |
|---|---|---|---|---|---|
| नर बहादुर मगर | सहयोगी | २१६२० | २१६२ | २१६२ | १७२९६ |
| लोक बहादुर बिश्वकर्मा | सहयोगी | २१६२० | २१६१ | २१६२ | १७२९६ |
| जम्माः | | | | | ३४५९२ |

| असूल गर्नुपर्ने | ३४,५९२ |
|---|---|